# महिलावाद

## लोकतन्त्र र समृद्ध समाजको आधार

# महिलावाद

लोकतन्त्र र समृद्ध समाजको आधार

लेखक
**विन्दा पाण्डे** (पिएचडी)

प्रकाशक
??????

प्रकाशित मिति
२०७८ फागुन २४ गते

मूल्य रु. ९९/-

# पुस्तक लेखनबारे

महिलावाद सामाजिक न्यायमा आधारित समाज निर्माणको सिद्धान्त हो। मूलतः यो पितृसत्तामा आधारित सबै प्रकारका विभेद, असमानता, हिंसा, दुरुत्साहन र दुर्व्यवहार अन्त्य गर्ने विश्वप्यापी आन्दोलनका रूपमा स्थापित छ। यो आन्दोलन लैङ्गिक समानतामा आधारित सामाजिक न्यायसहितको समाज निर्माणमा विश्वव्यापी अभियानको रूपमा केन्द्रित छ।

महिलावाद पितृसत्ताद्वारा प्रवर्द्धित लैङ्गिक सम्बन्धले सिर्जना गरेको असमान शक्ति सम्बन्धको अन्त्य गर्ने अभियानमा केन्द्रित छ। यसले परिवार, समाज, राजनीतिक दल/सङ्घसङ्गठन र राज्यसत्ताका जुनसुकै निकायमा लैङ्गिक रूपमा सन्तुलित सहभागिता र शक्तिको पुनर्वितरणको माग गर्छ। यी कुरा पितृसत्तात्मक सोच, दृष्टिकोण र व्यवहारको अन्त्य गरी समतामूलक सोच र व्यवहारको स्थापनाबाट मात्र सम्भव छ।

पितृसत्ताले महिलाको पहिचान, श्रम, शक्ति, शरीर र यौनिकतामाथि नियन्त्रण गर्दै आएको छ। फरक यौनिक पहिचानका आधारमा विभेदित व्यवहार अपनाएको छ। त्यसैले, समाजमा विद्यमान श्रम वा काम, जातजाति, यौनिकता, भूगोल वा क्षेत्र लगायतका आधारमा हुँदै आएको शोषण, विभेद र असमानताको अन्त्य गर्दै विविधताको

पहिचान र सम्मानसहित स्थापित हुने समन्यायिक समाजका लागि महिलावादको स्विकार्यता अनिवार्य छ । त्यसका लागि सामाजिक न्यायका हरेक अभियन्ताले महिलावादबारे आधारभूत जानकारी राख्नुपर्छ ।

सामाजिक न्याय र समृद्धिको अभियानमा बाधक बनेका सोच, दृष्टिकोण, संस्कार, संस्कृति, सामाजिक मान्यता र व्यवहारहरू कस्ता छन् ? समन्यायिक बनाउन तिनमा के र कसरी परिवर्तन गर्न सकिन्छ ? जस्ता विषय सामाजिक रूपान्तरणका अभियन्ताले जान्नै पर्ने कुरा हुन् । राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक पक्षसँग सरोकार राख्ने सैद्धान्तिक र वैचारिक विषयमा स्पष्टता भए मात्र ती कुरालाई व्यावहारिक ढङ्गबाट सम्बोधन गर्न सकिन्छ ।

लैङ्गिक समानताको अभियानमा पुरुषको सहभागिता कस्तो रह्यो ? उपलब्धि र चुनौतीका पाटा कस्ता रहे ? हामीले कहाँ फड्को मार्‍यौँ, कहा चुक्यौँ र आज हामी कहाँ छौँ ? जस्ता विषयको जानकारीले हाम्रो संविधानले मार्गनिर्देश गरेको समाजवाद र राष्ट्रिय लक्ष्य बनेको 'समृद्ध नेपाल निर्माणको अभियान' मा आइपर्ने अवरोध हटाउँदै समाजवाद निर्माणको यात्रामा थप योगदान पुर्‍याउन सकिनेछ ।

समृद्धिको अभियानमा सामाजिक-सांस्कृतिक परिवर्तनका घुम्ती र मोडहरूमा रहेका उबडखाबडहरूको पहिचान गरी अगाडि बढ्न महिलावादी सोचले सहज बनाउँछ । यस कोणबाट गरिने विश्लेषणले समाज, आन्दोलन, चुनौती र अवसरको पहिचान गर्नेछ । चुनौतीको थुप्रोमाथि पाइला टेकेर उपलब्ध अवसरको सदुपयोग गर्दै

उपलब्धिको शिखरतर्फ बढ्न प्रेरित गर्नेछ । समाज परिवर्तनको प्रक्रियामा उपलब्धिको मापन गर्ने आधार प्रदान गर्नेछ ।

सामाजिक परिवर्तनको यही प्रक्रियामा समुदाय तहमा क्रियाशील स्थानीय तह/पालिकाहरूले समस्या पहिचानका आधारमा समृद्ध समाज निर्माणको प्रक्रियाबाट 'खुसीसहितका सुखी नेपाली' को लक्ष्य प्राप्तिमा महिलावादी अवधारणा सहयोगी बन्नेछ भन्ने अपेक्षासहित सानो तर महत्त्वपूर्ण प्रयासका रूपमा यो पुस्तक यहाँहरूसमक्ष प्रस्तुत गरिएको छ । आमजनतासमक्ष पुऱ्याउने उद्देश्यले यो पुस्तक तयार गर्ने जिम्मेवारी दिनुहुने थाक्रे गाउँपालिकाको नेतृत्वप्रति आभार व्यक्त गर्दछु ।

प्रस्तुत पुस्तकको अध्ययनपछि पाठकहरूबाट रचनात्मक र आलोचनात्मक टिप्पणी तथा सिर्जनात्मक सुझाब सधैँ अपेक्षित रहनेछ ।

**विन्दा पाण्डे** (पिएचडी)
फागुन, २०७८

# प्रकाशकको भनाइ

# विषयसूची

पुस्तक लेखनबारे ३

प्रकाशकको भनाइ ६

विषय प्रवेश ९

समाजको विकाससँगै मातृसत्ताको अन्त्य र पितृसत्ताको उत्पत्ति १०

१. जङ्गली अवस्थाको घुमन्ते कविला समाज ११
२. कृषि आधारित समाज ११
३. सामन्तवादी समाज १३
४. पुँजीवादी समाज १३
५. समाजवाद उन्मुख सङ्क्रमण समाज १४

मातृसत्ता के हो ? १६

पितृसत्ता के हो ? १७

- पितृसत्ताको शक्ति कहाँ छ ? १८
- पितृसत्ता चिन्ने कसरी ? १९
- नेपाली समाजका पितृसत्ताको अवस्था कस्तो छ ? २१
- गणतन्त्रमा बदलिँदै छ त पितृसत्ता ? २२

महिलावाद के हो ? ... २३

- महिलावादले यौनिकता र लैङ्गिकतालाई कसरी हेर्छ ? ... २४
- महिलावादी संस्कृति कस्तो हुन्छ ? ... २५
- सांस्कृतिक परिवर्तन कहाँ र कसरी ? ... २५
- महिलावाद के चाहन्छ ? ... २६
- नेपालमा महिलावादी आन्दोलनको सुरुआत ... २८
- सबै महिलाका माग र आवश्यकता उस्तै छन् ? ... ३१
- महिलावाद र समावेशिताबिच के सम्बन्ध छ ? ... ३३
- सबै महिलावादी उस्तै हुन् ? ... ३४

महिलावादी आन्दोलनका साझेदार ... ३५

- पुरुष पनि महिलावादी हुन्छन् ? ... ३७
- नेपालमा पनि महिलावादी पुरुष छन् ? ... ३८
- महिलावादले पुरुषलाई पनि फाइदा हुन्छ ? ... ४०
- महिलावाद र वर्गीय आन्दोलनबिच के सम्बन्ध छ ? ... ४१

महिलावाद र समाजवादबिच कस्तो सम्बन्ध छ ? ... ४३

विश्वमञ्चमा महिलावादसम्बन्धी नेपालको प्रतिबद्धता ... ४७

- लैङ्गिक समानताको मापन कसरी गर्न सकिन्छ ? ... ४९

महिलावादी आन्दोलन र अबका एजेन्डा वा विषय ... ५२

१) संविधान र कानुनमा संशोधन ... ५२
२) कानुनको कार्यान्वयन ... ५३
३) संस्कार-संस्कृतिको लोकतान्त्रीकरण ... ५४
४) हिंसामुक्त समाज निर्माण ... ५४
५) बदलिनुपर्ने लैङ्गिक भूमिका ... ५५

# विषय प्रवेश

सामाजिक न्याय र समानता मानवताको आधार हो । मानव समाजको समृद्धिको मुख्य आधार पनि यही हो । समाज सामाजिक न्याय र समानतामा आधारित भए मात्र समृद्धि उन्मुख यात्राको गतिमा पनि तीव्रता आउँछ । नागरिकमा सुख र खुसीको अनुभूति पाइन्छ । यौनिकता होस् वा जातीय, वर्गीय र क्षेत्रीय आधारमा मानिसहरूबिच हुने व्यवहार आधारभूत रूपमा मर्यादित र सम्मानित हुन्छ । अन्यथा, समाजका निश्चित व्यक्ति आर्थिक र शैक्षिक रूपमा जति नै सबल भए पनि आमरूपमा सामाजिक संस्कार समृद्ध हुँदैन । समृद्ध संस्कारको अभावमा मानिस सुखी र खुसी हुन सक्तैन । किनकि मानव जातिको वाह्य समृद्धिको मापन आर्थिक हैसियत र भौतिक सुविधाका आधारमा भए पनि आन्तरिक खुसी मानसिक चयन र मनोवैज्ञानिक आनन्द वा सन्तुष्टिमा हुने गर्छ । त्यसका लागि कुनै पनि आधारमा समाजमा विभेद, असमानता, शोषण र हिंसा होइन, समान मानव मार्यादा र सामाजिक न्यायको प्रत्याभूति हुनुपर्छ । महिलावाद त्यसैको अभिन्न अङ्ग हो ।

कोही पनि व्यक्ति आफूलाई 'समाजवादी वा समानताको पक्षपाती' ठान्छ भने ऊ महिलावादी सोच र व्यवहारबाट टाढा रहनै सक्तैन । यसर्थ समाजवादमा विश्वास गर्ने, समन्यायिक व्यवहार चाहने, समृद्ध समाजको लक्ष्य राख्ने र नेपालीको मुहारमा 'सुख अनि खुसी' देख्न चाहने हरेक व्यक्ति महिलावादको मर्मसँग सहमत हुनै पर्छ ।

# समाजको विकाससँगै मातृसत्ताको अन्त्य र पितृसत्ताको उत्पत्ति

समाजको चरित्र बुझ्न थोरै भए पनि समाज विकासको निरन्तर क्रमबारे जानकारी राख्नु उपयुक्त हुन्छ। यसबाट आफू रहेको समाज कस्तो छ ? भन्ने बुझ्न सकिन्छ। मानव समाज विकासको क्रमलाई मूलतः चार भागमा बाँडेर हेरिन्छ।

पहिले जङ्गली अवस्थामा रहेको मानव समाज दास युग, सामन्तवादी युग हुँदै पुँजीवादी युगमा अगाडि बढ्यो । वर्तमान समाजमा सामन्तवादी अवशेषसहित पुँजीवादी र समाजवादी चरित्रबिचमा सङ्घर्ष जारी छ।

जहाँ महिलावादका फरक धार र विचारहरू समेटिएका छन्, जुन समाजले सामाजिक न्यायको पक्षपोषण गर्ने समाजवादी महिलावादका आधारभूत मान्यताहरूलाई आत्मसात् गरेको छ, त्यहाँ पुरुषप्रधान मूल्यमान्यता र संस्कार संस्कृतिको न्यूनीकरण एवं समाजवादी चरित्रको विकास हुँदै छ। तर, जहाँ रुढिवादी सोच हाबी छ, सामाजिक सोच र व्यवहार अझै पनि पितृसत्तात्मक जकडाइमा अल्झिएकै छ, त्यहाँ समाजवाद उन्मुख यात्रा 'दस्ताबेज र बोली' मा मात्र सीमित हुन पुगेको छ।

## १. जङ्गली अवस्थाको घुमन्ते कविला समाज

विश्व मानव जाति सुरुमा फिरन्ते थियो । समयक्रममा फिरन्ते झुन्ड सामूहिक रूपमा बस्न थाल्यो । त्यस्तो सामूहिक बसाइलाई कविला समाज भनिन्छ। कविला समाजमा पशुपालन र खेतीपातीको सामान्य सुरुआत हुन थाल्यो तर जीवन निर्वाहको मुख्य स्रोत भने सिकार र वन्य उत्पादन नै थियो । खाद्यसामग्री सङ्कलनमा महिला, पुरुष सबै लाग्थे तर सन्तान साना भएका आमाहरू घरपालुवा पशुको हेरचाह र नजिकको खेतीपातीमा बढी समय दिन थाले । त्यहीँबाट क्रमशः कार्यविभाजनको सामान्य सुरुआत हुन थाल्यो ।

घुमन्ते कविला समाज बिस्तारै स्थायी बसोबासमा रूपान्तरण हुन थाल्यो । निश्चित ठाउँमा स्थायी बसोबास भए पनि जीवन पद्धति प्राकृतिक भएकाले आपसी सम्बन्ध सामूहिक थियो । समाजमा यौनिक वा लैङ्गिक आधारमा कुनै विभेद थिएन । उनीहरू आआफ्नो दक्षताअनुसार काम गर्थे, इच्छाअनुसार चल्थे । सन्तानको पहिचान जन्म दिने आमाको आधारमा हुन्थ्यो, बाबुको खोजी हुँदैनथ्यो । परिवारमा आमाको हैसियत माथि थियो ।

घुमन्ते कविला समाजलाई मातृसत्तात्मक समाजको रूपमा बुझ्ने गरिन्छ ।

## २. कृषि आधारित समाज

समय क्रमसँगै मानव जातिको स्थायी बसोबास हुन थालेपछि बस्ती बढ्दै गए । उत्पादनको मुख्य स्रोत खेतीपाती र पशुपालन बन्न थाल्यो । जमिनमाथिको स्वामित्वका आधारमा शक्तिको मापन सुरु भयो । शक्ति वृद्धिका लागि कविलाहरूबिच युद्ध हुँदा जित्ने पक्षले

हारेको पक्षलाई दास बनाउन थाल्यो । दासका सन्तान पनि दासै हुने क्रम चल्दै जाँदा समाजको अत्यधिक ठुलो जमात दासमा परिणत हुन पुग्यो । सामाजिक विकासका अध्येताहरू यसलाई 'दास युग' भन्छन्, जुन सामन्तवादी समाजको पूर्वावस्था थियो ।

प्रकृतिले दिएको जमिनमाथि प्रभुत्वका आधारमा हैकम जमाउने प्रक्रिया बढ्दै गयो । बिस्तारै कृषि उत्पादन र पशुपालनमा आधारित समाजमा सामन्तवादी चरित्र विकास हुन पुग्यो । कसले कति जमिन हडप्न सक्छ, त्यस आधारमा सामन्तहरूको हैसियत मापन हुन थाल्यो । तिनै सामन्तहरूबिचको आपसी सम्बन्ध र युद्धको गठजोडबाट राज्यको उत्पत्ति हुन पुग्यो । 'युद्ध लगायत वाह्य काम पुरुषको र परिवार व्यवस्थापनको जिम्मेवारी महिलाको' भनेर कार्यविभाजन सुरु भयो ।

अर्थात् उत्पादन सम्बन्धका आधारमा पुरुषको प्रभुत्व बढ्न थाल्यो । वाह्य उत्पादन र युद्धबाट विमुख भई पारिवारिक व्यवस्थापनमा खुम्चँदै गएका महिलाहरू शक्ति संरचनाबाट पनि विमुख हुँदै गए । युद्धबाट सिर्जित राज्यसत्तामा युद्धमा संलग्न पुरुषहरूको एकल नियन्त्रण हुनु स्वाभाविक बन्दै आयो ।

शक्तिकै लागि एक समुदाय र अर्को समुदायबिच युद्धहरू बढ्न थाले । हारेका पक्षका पुरुषलाई दास र महिलालाई यौनदासी बनाउने चलन बढ्दै गयो । परिवार, सन्तान, सम्पत्ति मेरो र तेरो हुन थाल्यो । समग्रमा पुरुष प्रभुत्वशाली र महिला उनीहरूका अधिनस्त हुन पुगे । मातृसत्तालाई पितृसत्ताले विस्थापित गऱ्यो । सत्ता, शक्ति, सम्पत्ति र सन्तान सबैमा पुरुषको अधिन कायम हुन थाल्यो ।

## ३. सामन्तवादी समाज

राज्य निर्माण प्रक्रियामा महिला सहभागिता कम हुँदै जाँदा वंश र अंशको अधिकार पुरुषमा सर्न थाल्यो । एकात्मक विवाह पद्धतिको सुरुआतसँगै महिलाहरू नियन्त्रित हुन थाले । एकल विवाह पद्धतिको आधारमा 'सत्यमाथि विश्वास' अर्थात् महिलाको पाठेघरमाथि पुरुषको नियन्त्रण बढ्न थाल्यो । अर्थात्, अब सन्तानको पहिचान बाबुसँग जोडिन पुग्यो, आमाको मतलबै हुन छाड्यो । परिवारको नाममा समाज संस्थागत हुँदै जाँदा महिलाको यौनिकता पूर्णतः नियन्त्रित हुँदै गयो । पुरुषहरू फुक्काफाल भए, एउटै पुरुषले दर्जनौँ श्रीमती राख्ने मात्र होइन, विवाहेत्तर सम्बन्धमा पनि समाजले प्रश्न उठाएन तर महिलाको यौनिकतामाथिको नियन्त्रण कडा हुँदै गयो ।

छोरीहरूले 'ठुलो स्वरले बोल्न, उन्मुक्त हाँसो हाँस्न, ठाडो शिर गरेर हेर्नसमेत हुँदैन' भन्ने मान्यता विकास गर्दै महिलाहरूलाई सानैदेखि खुम्च्याउन, आत्मविश्वास गिराउन, परनिर्भर जीवन जिउन अभ्यस्त बनाउन थालियो । यसबाट महिलाहरूलाई विवाहपछि श्रीमान्को इच्छाअनुसार चल्नुपर्ने 'कठपुतली' बनाउने प्रयत्न हुँदै गयो । पुरुषलाई संरक्षक र महिलालाई संरक्षित समुदायमा रूपान्तरण गरियो । समाज विकासको यही प्रक्रियासँगै मानव समाजले पूर्णतः सामन्तवादी पितृसत्तात्मक चरित्र धारण गर्न पुग्यो ।

## ४. पुँजीवादी समाज

समाजको उत्पादन सम्बन्ध कृषिबाट औद्योगिक उत्पापदनमा परिणत हुन थाल्यो । यो पुँजीवादी युगको सुरुआत थियो । औद्योगिक विकाससँगै सामूहिक रूपमा श्रम गर्ने अवस्था बन्दै गयो । पुरुष श्रमिकको

आपूर्ति व्यवस्थामा कमी हुन थालेपछि महिला र बालबालिकालाई समेत काममा लगाउन थालियो तर उनीहरूको श्रमको चर्को शोषण भयो । पुँजीवादले महिलालाई वस्तुकरण गर्दै पितृसत्तालाई अझै फरक रूपमा बलियो बनाउँदै आयो ।

ज्यालामा असमानता र श्रमको चर्को शोषण विरुद्ध श्रमिक महिलाहरू बिस्तारै सङ्गठित हुन थाले । सहानुभूति र निगाहकै रूपमा भए पनि जो महिलाले शिक्षा र चेतनाको विकासमा अवसर पाए, उनीहरूसमेतको सङ्गठित पहलमा स्वतन्त्रता र समानताको आवाज फराकिलो हुन थाल्यो । मानव मर्यादामा विश्वास राख्ने पुरुषहरू पनि सो अभियानमा साथै रहे । मानव सभ्यताको आधार लैङ्गिकतामा होइन, मर्यादा र स्वाधीनतामा खोज्न थाले । 'श्रम शोषण, लैङ्गिक असमानता र सामाजिक अन्यायको अन्त्य सङ्गठित पहलबाट मात्र हुन सक्छ' भन्ने विश्वासका साथ सामूहिक अभियान र आन्दोलनको विकास गरे । पितृसत्ताको आडमा महिलामाथि हुँदै आएको हिंसा र विभेद अन्त्यको त्यही अभियानमा महिलावादी सोच र अवधारणाको बिजारोपण हुन पुग्यो । महिलावादी सोचलाई सूत्रीकृत गर्ने प्रक्रियामा महिलाका अनुभव, अनुभूति र पुरुषहरूसमेतको विचार र विज्ञताको संलग्नता रहँदै आयो ।

## ५. समाजवाद उन्मुख सङ्क्रमण समाज

औद्योगिक क्रान्तिको दौरानमा पुँजीवादको विकाससँगै युद्ध र क्रान्तिको अभियान पनि नयाँ रूपमा अगि बढ्यो । विश्वका कतिपय मुलुकमा भएका क्रान्तिसँगै समाजवादी विचारको विकास र विस्तार हुँदै आयो । सामाजिक न्यायका लागि जनस्तरबाट उठेका सङ्गठित आन्दोलन र अन्तर्राष्ट्रिय रूपमा स्थापित मानव अधिकारका मापदण्डसँगै

मातृसत्ता र पितृसत्ता दुवैको विपक्षमा सङ्गृहीत र सङ्गठित हुन थालेको विचार एवं राजनीतिमा लोकतान्त्रिक प्रणालीको अङ्गका रूपमा महिलावादी सोच विकसित हुँदै आयो । आजसम्म आउँदा समाज कल्याणका पक्षमा सुधारात्मक कार्यद्वारा पुँजीवादलाई जोगाउने प्रयत्न र सामाजिक न्यायसहितको समाजवाद निर्माण गर्ने अभियानको बिचमा विश्व समाजमा अन्तरद्वन्द्व जारी छ। महिलावादी आन्दोलन दोस्रो पक्ष अर्थात् सामाजिक न्यायको आधारमा समान मर्यादा र सन्तुलित सहभागितासहितको न्यायिक समाज स्थापनाको पक्षमा निरन्तर विकास र विस्तार हुँदै छ ।

समाज विकासको यही क्रमबाट नेपाली समाज अगाडि बढ्दै आजको अवस्थामा आइपुगेको हो । आज यहाँ आधारभूत रूपमा सामन्तवादको अन्त्य भयो भनिन्छ तर सोच, बोली र व्यवहारमा अझै पनि सामन्तवादका अवशेष प्रशस्त भेटिन्छन् । संविधानमा उल्लिखित लक्ष्य ‘समाजवाद उन्मुख समाज’ निर्माण प्रक्रियामा पितृसत्ताको पनि अन्त्य हुनुपर्छ भन्ने चेत आमरूपमा स्थापित भइसकेको छैन । यही कुरा चिर्न पनि समाजवाद र महिलावादबिचको अन्तरसम्बन्धबारे सही बुझाइलाई ठिक ढङ्गबाट नागरिक तहमा पुऱ्याउनु जरुरी छ ।

# मातृसत्ता के हो ?

मातृसत्ता लैङ्गिक रूपमा महिलालाई प्रमुख ठान्ने सोचसहितको शासनसत्ता हो । यस किसिमको सत्ता स्थायी परिवार र व्यक्तिको निजी सम्पत्ति राख्ने व्यवस्था सुरु हुनुभन्दा पहिले नै थियो । मातृसत्तामा सन्तानको पहिचान जन्माउने आमाको नाताबाट हुने गर्थ्यो । त्यस किसिमको सामाजिक व्यवस्थाको अन्त्यसँगै समाजमा व्यक्तिगत परिवार, निजी सम्पत्ति, समुदाय हुँदै राज्यको उत्पत्ति हुने क्रममा परिवारमा आमाको र समाजमा महिलाको शक्ति कमजोर बन्दै गयो । समाजबाट क्रमशः मातृसत्ता दबाउँदै पितृसत्ता बलियो भयो । मातृसत्ताका केही अवशेष आजको दुनियाँमा पनि पाइन्छन् । भुटान, थाइल्यान्ड, भारतको मेघालयतिर पारिवारिक तहमा महिलाको बलियो भूमिका देखिन्छ । हाम्रै देशमा पनि आदिवासी/जनजाति परिवारमा महिलाको अवस्था खस-आर्य समुदयाका महिलाभन्दा शक्तिशाली देखिन्छ । कोही कोही यसलाई मातृसत्ताको अवशेष पनि भन्छन् तर उनीहरू पनि मिश्रित समुदायमा बस्न थालेपछि मूल धारको संस्कृतिबाट प्रभावित हुँदै गएको देखिन्छ । त्यसको कारण मूल धारको सामाजिक, आर्थिक र राजनीतिक संस्कार एवं सार्वजनिक सरोकार राख्ने सिङ्गो राज्यसत्ता पुरुष नियन्त्रित र पुरुषवादी मान्यता र व्यवहारबाट चल्नु हो ।

# पितृसत्ता के हो ?

पितृसत्ता पुरुषलाई प्रधान वा उच्च र महिलालाई सहायक वा नीच मान्ने सोचबाट निर्देशित शासनसत्ता हो । सहज भाषामा भन्दा पितृसत्ताले पुरुषलाई प्रमुख, मूली वा प्रभुत्वशाली स्थानमा राख्छ भने महिलालाई पुरुषको मातहत अथवा पुरुषआश्रित ठान्छ । वंश बाबुमा निहित हुन्छ, सन्तानको नागरिकता बनाउनसमेत बाबु नै चाहिन्छ । नेतृत्व भन्नेबित्तिकै पुरुष भन्ने सोच आउँछ । हरेक कुराको निर्णायक पुरुषलाई ठान्छ । पैतृक सम्पत्तिको पहिलो हकदार 'छोरो' हुन्छ । आमाबाबुप्रतिको दायित्व पनि छोराकै मानिन्छ । जग्गाजमिन, उद्योगव्यसाय जस्ता उत्पादनका साधनस्रोतमाथिको स्वामित्व पुरुषकै नाममा हुन्छ । सिङ्गो समाज र राज्यसत्तामा पुरुषको एकल वर्चस्व भएकाले महिलालाई आश्रित, निरीह, अबला र परनिर्भरको रूपमा हेरिन्छ । महिला जहिले पनि पुरुष (बाबु, दाइभाइ, श्रीमान्, छोरा, नाति) का साथमा मात्र सुरक्षित ठानिन्छ । पुरुषबिनाको जीवन बाँच्ने महिलामाथि निराधार र अनावश्यक लाञ्छना लगाइन्छ । नागरिकलाई सेवा दिन खडा गरिएका राज्यका निकायमा बस्ने व्यक्तिले महिला मात्र आएको अवस्थामा आफ्नो दायित्वअन्तर्गतको सेवा दिने काममा समेत आलटाल गरी काम अड्काउन खोज्छ । यो पितृसत्ताको चरित्र हो ।

पितृसत्ताले हरेक कुराको दोष महिलामाथि थोपर्छ। घरेलु हिंसा, जबर जस्ती करणी जस्ता अपराधका घटनामा समेत महिलालाई नै दोषी करार गर्ने प्रयत्न गरिन्छ। संविधानले स्विकारेको भए पनि पितृसत्ताले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायलाई त महिलाभन्दा पनि अझ निकृष्ट दृष्टिले हेर्छ। यो समुदायका व्यक्तिलाई सबल मानव होइन, विकृतिका रूपमा प्रस्तुत गर्छ। त्यसो गर्नु पनि गम्भिर सामाजिक अपराध र लैङ्गिक हिंसा हो भन्ने कुरै ठान्दैन।

## पितृसत्ताको शक्ति कहाँ छ ?

पितृसत्ताले पुरुषको यौनाङ्ग (लिङ्ग) मा शक्ति देख्छ भने महिलाको यौनाङ्ग (योनि) लाई कमजोरीको आधार ठान्छ। सन्तान विस्तारको पहिलो आधार महिलामा रहेको प्रजनन शक्ति अर्थात् पाठेघर, महिनावारी, बच्चा जन्माउने जस्ता क्षमतालाई कमजोरीका रूपमा व्याख्या गरिन्छ। अझ खस-आर्य समुदायमा महिनावारी र सुत्केरी अवस्थालाई अशुद्ध ठानी छुवाछुत गर्दै महिलाको शक्तिलाई दमन गरिँदै आएको छ। पितृसत्ताले स्थापित गरेका यी र यस्ता रुढिवादी सोचका आधारमा महिलाहरू जन्मदै कमजोर नागरिकका रूपमा स्थापित गर्ने कोसिस हुन्छ अनि पुरुष हैकम र प्रभुत्वलाई जन्मजात क्षमता र अधिकार ठानिन्छ।

पितृसत्ताद्वारा स्थापित संस्कार, संस्कृति, मूल्यमान्यता र व्यवहारले पुरुषलाई प्रभुको स्थानमा राख्छ भने महिलालाई पुरुषको सेवकका रूपमा चित्रित गर्छ। वैवाहिक सम्बन्धपछि श्रीमान्-श्रीमतीलाई रथका दुई पाङ्ग्रा वा अर्धाङ्ग र अर्धाङ्गिनी भनिए पनि व्यवहारमा श्रीमान् मालिक र श्रीमतीलाई दासीको स्थानमा राख्छ। यस किसिमको व्यवहार मात्रात्मक रूपमा जाति, क्षेत्र र वर्गअनुसार फरक भए पनि आधारभूत

रूपमा पुरुषको हैसियत उपल्लो दर्जाको मानिन्छ । पितृसत्ताले पुरुषको चरित्रमाथि कहिल्यै प्रश्न उठाउँदैन तर महिलाका हरेक गतिविधिलाई उसको चरित्र र नैतिकतासँग गाँसेर हेर्छ ।

पितृसत्ताले शक्तिको केन्द्र नै व्यक्तिको यौनिकतालाई मान्छ ।

## पितृसत्ता चिन्ने कसरी ?

जुन समाजमा यौनाङ्गका आधारमा मानिसको क्षमता र योग्यता नापिन्छ, मर्यादा र सम्मानको आधार तय हुन्छ एवं कामको भूमिका निर्धारण गरिन्छ, त्यो पितृसत्तात्मक हो । जुन समाजमा हक, अधिकार, अवसर र जिम्मेवारी वा दायित्व निर्धारण गर्दा पुरुषलाई प्राथमिकतामा राखिन्छ, त्यो समाज पितृसत्तात्मक हो । जहाँ समानताको कुरा गर्दा पुरुष व्यवहार (लवाइ, खुवाइ, हिँडाइ, बसाइ, गराइ, बोलाइ आदि) लाई सभ्यताको मापदण्ड बनाइन्छ, त्यो मानसिकता र सोच पितृसत्तात्मक हो । शिशु जन्मदा उसको स्वास्थ्यभन्दा पनि यौनाङ्गका आधारमा

---

हिंसा जहिले पनि शारीरिक, सामाजिक, आर्थिक वा राजनीतिक रूपमा शक्तिमा हुनेले कमजोर पक्षमाथि गर्छ । लैङ्गिक हिंसाको चरम रूप जबरजस्ती करणी जस्ता आपराधिक घटनामा बालिका र किशोरीहरू सबैभन्दा बढी जोखिममा पर्दै आएका छन् ।

यस्ता घटनाका अपराधी पक्ष स्वाभाविक रूपमा पुरुष हुन् तर पुरुषप्रधान समाजले अपराधी पक्षको इज्जत, सम्मान र मर्यादामाथि औँला उठाई वहिस्कार गर्नुको सट्टा उल्टै पीडितको अस्मिता र परिवारको इज्जतमाथि प्रश्न उठाउन छाडेको छैन । अपराधी पक्ष समाजमा ठाडो शिर गरेर हिँड्दै गर्दा पीडित पक्षले सधैँ शिर निहुराउनुपर्ने अवस्था कायम छ । यो पितृसत्ताको सबैभन्दा घृणित रूप हो । समाजलाई मानवीय रङ्ग दिनका लागि पनि यो प्रवृत्तिमा परिवर्तन अपरिहार्य छ ।

---

छोरा कि छोरी ? भन्दै खुसी र दुखी (वा कम खुसी) हुने मनोभाव झल्कन्छ, त्यो पितृसत्ताको सङ्केत हो ।

पुरुषले जे, जहिले र जसो गरे पनि सामान्य रूपमा लिइने र महिलाका हरेक गतिविधिमाथि प्रश्न उब्जाउने मानसिकता र सोच पितृसत्तात्मक हो । समाजमा हुने कुनै पनि लैङ्गिक हिंसाका घटनामा महिलालाई दोषी करार गर्न हरप्रयत्न गर्ने सोच पितृसत्तात्मक हो । पुरुषलाई प्रधान वा मुख्य मानिने सामाजिक मूल्यमान्यता, संस्कार र संस्कृतिका आधारमा हरेक ठाउँमा चरित्र र नैतिकतासँग सम्बन्धित विषयमा महिलामाथि मात्र प्रश्न तेर्छ्याउने एवं पुरुषले जे गरे पनि 'छोरो मान्छे' भन्ने नाममा उन्मुक्ति दिइने/पाउने समाज पितृसत्तात्मक हो । लैङ्गिकताका आधारमा कार्यविभाजन र भूमिका निर्धारण गर्ने संस्कार पितृसत्तात्मक हो । छोरो वा पुरुष जतिखेर, जहाँ, जोसँग गए पनि वा आए पनि, जोसँग हिँडे, बोले र जे खाए, लाए पनि प्रश्न नगर्ने वा सामान्य रूपमा लिने तर छोरी/महिला कहाँ गइन्, कति खेर आइन्, कोसँग हिँडिन्, कोसँग बोलिन्, के लाइन् जस्ता आधारमा टिप्पणी गर्ने व्यक्ति, परिवार र समाज पितृसत्तात्मक हो ।

पितृसत्ताले हरेक ठाउँमा पुरुषलाई मूल र महिलालाई सहायकको रूपमा लिन्छ । सामाजिक बिम्बमार्फत महिलालाई आश्रित देखाउने प्रयत्न हुन्छ । उदाहरण दिँदा पनि 'पुरुष वृक्ष महिला लहरा, पुरुष सूर्य महिला चन्द्रमा, पुरुष बिज महिला माटो, पुरुष प्रकाश महिला छाया, पुरुष संस्कृति महिला प्रकृति' जस्ता बिम्ब प्रयोग गर्छ । यी सब पितृसत्तामा आधारित विभेदकारी सोचका उपज हुन्, पितृसत्तात्मक मानक । पितृसत्ताले पुरुषप्रधानतामा आधारित व्यवहारमा संस्कृति र शोषणमा आधारित मान्यतामा सभ्यता देख्ने गर्छ । त्यसैले सामाजिक

न्यायसहितको समाज निर्माणको महत्त्वपूर्ण र अनिवार्य आधार पितृसत्ताको अन्त्य हो ।

## नेपाली समाजका पितृसत्ताको अवस्था कस्तो छ ?

नेपाली समाजलाई पितृसत्ताले जकडे पनि सबै जाति र क्षेत्रमा समान छैन । खस-आर्य समुदायको पारिवारिक तहमा पितृसत्ता जति बलियो छ, जनजातिमा अलि कमजोर पाइन्छ । जनजाति समुदायमा पारिवारिक तहमा महिलाको भूमिका, पहुँच र नियन्त्रण खस-आर्य समुदायमा भन्दा बलियो छ । महिनावारी/सुत्केरी हुँदा उनीहरूमा महिलाप्रति अछुतको व्यवहार गरिँदैन बरु उत्सवको रूपमा लिइन्छ । विवाहपछि पनि जन्मघरमा छोरीको भूमिका र केही हक कायमै रहन्छ । तर, खस-आर्य समुदायमा महिनावारी र सुत्केरी अवस्थालाई अछुत वा अशुद्धताको व्यवहार गरिन्छ । विवाहपछि छोरीलाई जात/गोत्रबाट समेत च्युत गरिने हुँदा जन्मघरसँगको सम्पूर्ण हक र अधिकार विच्छेद गरी आउँदाजाँदा पाहुनाझैँ मानिन्छ ।

तामाङ, शेर्पा, राई, लिम्बु, गुरुङ, मगर, थारु, धिमाल, मेचे लगायत धेरै जनजाति परिवारमा विवाहपछि श्रीमतीको परिवारमा ज्वाइँको पनि निश्चित भूमिका वा दायित्व हुन्छ । तर, परम्परागत खस-आर्य परिवारमा ज्वाइँको भूमिका पाहुनाको रूपमा देखिन्छ । त्यसैका आधारमा समाजमा भनाइ नै छ– 'ज्वाइँ पाले जस्तो' । हुन त यो भनाइले जनजाति समुदायमा खासै अर्थ राख्दैन । तर, विविभन्न समुदायका मिश्रित बस्तीमा जनजातिभित्र पनि खस-आर्य समुदायको संस्कार-संस्कृतिको प्रभाव बढ्दो छ । नेपालको राज्यसंयन्त्रमा खस-आर्य समुदायको प्रभुत्व रहेकाले नीति र कानुन नै लैङ्गिक विभेदमा आधारित हुँदै आएका हुन् ।

## गणतन्त्रमा बदलिँदै छ त पितृसत्ता ?

नेपाली समाजमा महिलाहरू सचेत, सजग र सङ्गठित रूपमा जहानिया राणा शासन, निरङ्कुश निर्दलीय पञ्चायती व्यवस्था र राजतन्त्र अन्त्यको आन्दोलनमा सक्रिय सहभागी हुँदै आए। यसबाट राजनीतिक प्रणालीमा मात्र परिवर्तन भएको होइन, यससँगै पितृसत्तामा पनि क्रमशः परिवर्तन हुँदै आएको छ। अचेल छोरीहरूले पनि शिक्षा पाउन थालेका छन्। स्वास्थ्य अवस्थामा क्रमशः सुधार हुँदै छ। रोजगारीका साथै पेसाव्यवसाय (वकिल, डाक्टर, इन्जिनियर, प्राध्यापक, खेलकुद, उद्योगधन्दा आदि) मा महिलाको सहभागिता बढेको छ। छोरीहरू आर्थिक रूपमा आत्मनिर्भर बन्दै छन्। नयाँ संविधानले राज्यका सबै निकायमा समानुपातिक सहभागिता सुनिश्चित गरेको छ। पैतृक सम्पत्तिमा सबै सन्तानको समान हकको व्यवस्था गरेको छ। लैङ्गिक आधारमा हुने सबैखाले हिंसालाई अपराध मानेको छ। हिंसा गर्नेलाई सजाय र हिंसामा परेकालाई क्षतिपूर्ति पाउने व्यवस्था गरेको छ।

मुलुकी देवानी संहिता ऐनले सम्पत्तिमाथि आमाबाबु, श्रीमान्श्रीमती र छोराछोरी सबैको बराबरी हक स्थापित गरेको छ। सम्पत्तिका कारण पनि विवाहपछि श्रीमान्कै घर जानुपर्छ भन्ने मान्यतामा परिवर्तन आउँदै छ। सन्तानको नागरिकतामा आमा वा बाबु वा दुवैको थर राख्न पाइने व्यवस्था गरेको छ।

यसरी वर्तमान संविधान र कानुनले समाजमा विद्यमान पितृसत्तात्मक मान्यता हटाउने प्रयत्न गरेको छ तर कार्यान्वयनमा भने अझै समस्या रहेको छ। यसको कारण हो नीति र कानुन कार्यान्वयनको प्रमुख भूमिकामा रहेका र पुरानो संस्कारमा बानी परेका परिवारको विद्यमान पुस्तादेखि राजनीतिक नेता, कर्मचारी र समाजका अगुवा व्यक्तिको

सोचमा परिवर्तन नहुनु । पितृसत्ता न्यूनीकरण गर्दै समानतामा आधारित समाज निर्माणमा आमाबुबाले सन्तानप्रति समान व्यवहार गर्नुपर्छ । नयाँ पुस्ताका व्यक्तिले समता उन्मुख परिवर्तनका लागि आफैले पनि पहल लिनुपर्छ । राज्यसंयन्त्रबाट सार्वजनिक सेवा प्रवाह गर्ने निकायलाई निरन्तर सचेत गर्दै जानुपर्छ ।

# महिलावाद के हो ?

महिलावाद लैङ्गिक विभेदरहित सामाजिक न्यायमा आधारित समाज निर्माणको सिद्धान्त र पितृसत्तात्मक विभेद अन्त्यको विचार हो । पितृसत्ताका ठाउँमा मातृसत्ता स्थापना गर्ने होइन, समानतामा आधारित समाजको स्थापना महिलावादको लक्ष्य हो । लैङ्गिक विभेदको पहिचान र अन्त्य गर्दै नीति, कानुन र व्यवहार परिवर्तन गर्नु महिलावादको उद्देश्य हो । महिलावादले समाजका हरेक नागरिकप्रति समान मानव मर्यादा र सम्मान हुनुपर्ने दृष्टिकोण राख्छ । महिलावाद पितृसत्ताले निर्माण गरेका विभेदपूर्ण संस्कार-संस्कृति, मूल्यमान्यता र व्यवहार अन्त्य गरी समानताको संस्कार

समानतामा आधारित समाजको स्थापना महिलावादको लक्ष्य हो भने घरपरिवार, समाज-समुदाय, दल-सङ्घसंस्था र राज्यसत्ताका हरेक निकायमा सन्तुलित लैङ्गिक सहभागितासहित हक, अधिकार, अवसर र दायित्वमा समानता स्थापित गर्नु महिलावादको उद्देश्य हो । यी लक्ष्य र उद्देश्य प्राप्तिका लागि हरेक क्षेत्रमा एकल लैङ्गिक समूहमा रहेको शक्तिको न्यायिक पुनर्वितरणबाट मात्र सम्भव छ ।

स्थापनाको अभियान हो । यसले व्यक्तिको दक्षता, क्षमता र योग्यता यौनिकतामा नभएर ज्ञान, सिप र विवेकमा खोज्छ । सहज बुझाइका लागि महिलावादी सोचले बच्चा जन्मँदा उसको यौनाङ्गमा होइन, स्वस्थ्यमा ख्याल गर्छ ।

यसैले महिलावाद यौनिकता र लैङ्गिकताको आधारमा हुने वा गरिने कुनै पनि किसिमका विभेद, नियन्त्रण, असमानता, हिंसा, दुरुत्साहन र दुर्व्यवहारबाट समाजमा पुगेको हानिनोक्सानीको विश्लेषण गर्दै हरेक व्यक्ति, परिवार, समाज र राष्ट्रलाई विभेदमुक्त र मानवतायुक्त बनाउने वैचारिक सिद्धान्त र व्यावहारिक अभियान हो । महिलावादले महिला र पुरुषलाई 'उस्तै वा जस्तै' ठान्दैन । यसले महिला र पुरुषको शारीरिक भिन्नताका आधारमा हुने फरक जैविक, प्राकृतिक आवश्यकता र दायित्व अनुभूत गर्छ । महिलामा निहित पाठेघर र प्रजनन क्षमता कमजोरी होइन, थप शक्ति मान्छ । महिलाको त्यही जैविक शक्ति र दायित्वका आधारमा महिला र पुरुषको फरक आवश्यकतालाई स्वीकार गर्दै त्यसलाई सम्बोधन गर्न फरक नीति र कार्यक्रमको व्यवस्थाले मात्र नतिजामा लैङ्गिक समानता स्थापित हुन सक्छ भन्ने मान्यता राख्छ ।

## महिलावादले यौनिकता र लैङ्गिकतालाई कसरी हेर्छ ?

सामान्यतः समाजमा महिला र पुरुषको यौनिक पहिचानलाई मान्यता दिइँदै आइएको छ तर समाजमा फरक यौनिक तथा लैङ्गिक पहिचान भएका व्यक्तिहरू पनि छन् । रुढिवादी समाजमा त्यस्ता व्यक्तिलाई गालीको भाषा प्रयोग र हेलाहोची व्यवहार गर्ने गरिन्छ । नेपाली समाजमा पनि पहिला पहिला त्यसै गरिन्थ्यो । तर, महिलावादले त्यस्तो समुदायलाई विकृति होइन, प्राकृतिक ठान्छ । मानवमाथि

उचित र मर्यादित व्यवहार गर्नुपर्ने मान्यता राख्छ। नेपालको संविधान २०७२ ले पनि यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायलाई फरक पहिचानसहितको समुदायका रूपमा स्वीकार गरेको छ। उनीहरूप्रति अरूसरह नै मानव मर्यादा र सम्मानको व्यवहार गर्नुपर्ने संवैधानिक व्यवस्था गरिएको छ।

## महिलावादी संस्कृति कस्तो हुन्छ ?

महिलावादी संस्कृति महिला र पुरुषबिच समानतामा आधारित हुन्छ। महिलावादले 'प्रभुत्वशाली पुरुष र नियन्त्रित महिला' भन्ने रुढिवादी मानसिकताबाट समाजलाई मुक्त गर्न चाहन्छ। यसले परम्परागत लैङ्गिक भूमिकाका आधारमा छोरा वा पुरुषले 'यो गर्नुपर्छ' वा 'त्यो हुँदैन' अथवा छोरी वा महिलाले यो 'गर्नुपर्छ' वा 'त्यो हुँदैन' भन्ने परम्परागन मान्यता र भूमिकालाई नकार्छ। निजी परिवारदेखि सार्वजनिक समुदाय, सङ्घसङ्गठन र राज्यका निकायसम्म आवश्यकता र क्षमताका आधारमा 'सबैले सबै काम गर्न सक्छन्' वा 'गर्नुपर्छ' भन्ने सोच राख्छ।।

हरेक नागरिकले एकअर्काप्रति राखिने सोच र गरिने सम्बोधन एवं व्यवहार समान मानव मर्यादामा आधारित हुन्छ। राज्यको दृष्टिमा सबै नागरिकको समान हैसियत हुन्छ। थप दक्षता र विज्ञता उपलब्ध अवसर र वातावरण अनि व्यक्तिको चाहना र लगनशीलतामा निर्भर हुनेमा विश्वास राख्छ।

## सांस्कृतिक परिवर्तन कहाँ र कसरी ?

मानव मर्यादाको अभिव्यक्ति समाजका प्रत्येक सदस्यको संस्कारमा देखिन्छ। यसको व्यावहारिक सिकाइको सुरुआत परिवारबाट हुन्छ

भने औपचारिक सिकाइ शिक्षालयहरूबाट हुने गर्छ । समुदाय र समाजले परिवार र शिक्षालयबिच पुलको काम गर्छन् । जब त्यही व्यक्ति ठुलो भएपछि राज्यका विभिन्न निकाय र क्षेत्रमा क्रियाशील हुन्छ तब उसले सिकेको संस्कार अभिव्यक्त हुन्छन् ।

सङ्क्षेपमा भन्दा महिलावादको मूल मर्म मानवीय संवेदना, सामाजिक न्याय र समानतामा आधारित समाज निर्माण गर्नु हो। यसले मानिसको क्षमता, योग्यता, दक्षता यौनाङ्गमा होइन, अनुभूत गर्ने मुटु, बुद्धि र विवेकको केन्द्र मस्तिष्क र गरीखाने सिपयुक्त हातखुट्टामा देख्ने गर्छ ।

महिलावादबारे दक्षिण एसियाकै प्रसिद्ध महिलावादी नेता कमला भासिनले भन्नुभएको छ– "पितृसत्ताको अन्त्यको लक्ष्य मातृसत्ता होइन, समानता हो । महिलावाद शक्तिमा आधारित सम्बन्ध होइन, सम्बन्धमा आधारित शक्ति हो । समाजका योग्य र सक्षम पुरुषहरू समानताबाट कहिल्यै डराउँदैनन् । पितृसत्तात्मक हिंसाको कुरा गर्दा पुरुषहरू जैविक रूपमा हिंसात्मक हुने होइनन्, पितृसत्ताले उनीहरूलाई हिंसात्मक बनाउने हो ।" त्यसैले महिलावादले यौनिकताका आधारमा विद्यमान सबै किसिमका अपराध, हिंसा र अहङ्कार परिवर्तन गरी समाजमा मानवीय संस्कार प्रवर्द्धनमा योगदान गर्दै आएको छ र त्यही प्रयत्नमा निरन्तर क्रियाशील रहनेछ ।

## महिलावाद के चाहन्छ ?

महिलावाद पितृसत्ताको अन्त्य गर्दै समानतामा आधारित समृद्ध समाज निर्माण गर्न चाहन्छ । यसका लागि पारिवारिक वातावरण, घरायसी काममा सहकार्यको संस्कृति र सामाजिक मान्यतामा

परिवर्तन आवश्यक छ । सार्वजनिक क्षेत्रको निर्णय प्रक्रियादेखि हरेक तह र क्षेत्रमा नतिजामा समान अवसर र दायित्व सुनिश्चित हुनुपर्छ । यसका लागि राज्यका नीति र कानुन समन्यायमा आधारित हुनुपर्छ । राज्यका सबै निकायको पुनर्संरचना र शक्तिको पुनर्वितरण आवश्यक छ । यसको व्यावहारिक कार्यान्वयनका लागि परिवारमा आमाबाबु वा अभिभावकप्रति सन्तानको दायित्व, मर्यादा र सम्मान अनि सबै सन्तानप्रति अभिभावकले सिर्जना गर्ने अवसर, हक र अधिकार समान हुनुपर्छ ।

महिलावादको लक्ष्य पितृसत्ताको ठाउँमा मातृसत्ता ल्याउने होइन, समानता स्थापना गर्ने हो । महिलामा निहित भ्रूण उत्पादन, रक्षा र विकासको सुरक्षित अङ्ग पाठेघरलाई कमजोरी होइन, शक्तिको रूपमा बुझ्ने, बुझाउने र यसप्रतिको सम्मान पुनर्स्थापित गर्नु महिलावादको एउटा उद्देश्य हो ।

| विषय | पितृसत्ता | मातृसत्ता | महिलावाद |
|---|---|---|---|
| घर/परिवारको मूली | बाबु/पुरुष | आमा/महिला | आमा/बाबु अर्थात् महिला/पुरुषको समान हैसियत |
| सम्पत्तिको स्वमित्व, पहुँच र नियन्त्रण | सम्पत्तिमाथि पुरुषको प्राथमिक/पहिलो हक | सम्पत्तिमाथि महिलाको प्राथमिक/पहिलो हक | पैतृक सम्पत्तिमा सबै सन्तानको समान हक र संयुक्त सम्पत्तिमा परिवारका सबै सदस्यको बराबरी हक |
| शासनसत्ता | परिवारदेखि राज्यसम्मपुरुषद्वारा अरूमाथि हैकम र नियन्त्रण | परिवारदेखि राज्यसम्म महिलाद्वारा अरूमाथि हैकम र नियन्त्रण | शासनसत्तामा मापदण्ड क्षमता, योग्यता र दक्षताका आधारमा लैङ्गिक सन्तुलित सहभागिता |

| **विषय** | **पितृसत्ता** | **मातृसत्ता** | **महिलावाद** |
|---|---|---|---|
| नीति निर्माणमा पहुँच र निर्णय | निर्णायक तह/पदमा पुरुषको बोलावाला | निर्णायक तह/पदमा महिलाको बोलवाला | संवादका आधारमा सहमति र लोकतान्त्रिक विधिअनुसार निर्णय |
| वंशीय पहिचान र निरन्तरता | बाबुको नामबाट सन्तानको वंशीय पहिचान | आमाको नामबाट सन्तानको पहिचान | सन्तानमा आमा र बाबु दुवैको वंशीय अंश हुने हुँदा पहिचान दुवैको नामबाट हुनुपर्ने/सक्ने |
| यौनिकतासम्बन्धी मान्यता र नियन्त्रण | यौनिक रूपमा लिङ्गको पूजा, योनि अर्थात् महिला प्रजनन अङ्ग/प्रक्रियालाई कमजोरीका रूपमा लिइने र नियन्त्रण गरिने | यौनिक रूपमा योनिको पूजा, महिलाको यौनिकता/प्रजनन प्रक्रिया (महिनावारी, गर्भवती, सुत्केरी) क्षमता महिला शक्तिका रूपमा उत्सव मनाइने | प्रजनन कार्यमा महिलामा निहित पाठेघर शिशुको नौ महिनासम्म सुरक्षित आश्रयस्थल भएको र यो महिलाको जीवनसँग जोडिएकाले 'शरीमाथिको पहिलो अधिकार' मानिने । प्रजनन क्षमतालाई महिलाको शक्ति मान्ने |
| मानवीय स्वभाव | छोरो मान्छे भएर रुनु हुँदैन, छोरी मान्छे भएर हाँस्नु हुँदैन । परिवारको आर्थिक दायित्व पुरुषको, घर समाल्ने महिला | मानवीय संवेदना र स्वभावगत गतिविधि स्वतन्त्रता | मानवीय स्वभावमा स्वतन्त्र र घरभित्र र बाहिरका सबै भूमिकामा समभ्दारीका आधारमा सहकार्य |

## नेपालमा महिलावादी आन्दोलनको सुरुआत

नेपालको इतिहासमा धेरै आँटिला महिलाहरूबारे सुन्दै आएका छौँ । त्यसको एउटा उदाहरण हो वि.सं. १८७१-७२ मा बेलायती उपनिवेशवादी विरुद्ध राष्ट्र जोगाउन नालापानीको युद्ध लड्ने

महिलाहरूको वीरतापूर्ण गाथा (कुँवर, २०६५) । महिला र पुरुष भन्ने द्विविधा नराखी उक्त लडाइँमा राष्ट्रवादी भावना राख्तै सबै लडाइँमा होमिएका थिए ।

आधुनिक नेपाल निर्माणको सन्दर्भमा वि.सं. १९७३ मा नागरिक आन्दोलनको सुरुआत योगमाया न्यौपानेले गर्नुभएको थियो। तत्कालीन समाजमा रहेका विभेदकारी र अन्यायपूर्ण सामाजिक मूल्यमान्यता विरुद्ध विद्रोह गर्दै उहाँ महिला, श्रमजीवी र जातजाति विरुद्ध हुँदै गरेका विभेद, अन्याय, अत्याचार अन्त्यको सामूहिक आवाज बन्नुभयो ।

वि.सं. १९९४ बाट अगाडि बढेको राजनीतिक आन्दोलनमा राममाया पोडे, रेवन्तकुमारी आचार्य, सीता शर्मा, चन्द्रकान्ताहरू सहयोगी बने । २००३ फागुनमा विराटनगरमा भएको श्रमिक आन्दोलनले मातृत्व सुरक्षा र शिशु स्याहार केन्द्रको माग उठाइयो । उक्त आन्दोलनको क्रममा दिव्या कोइराला लगायत धेरै महिलाहरू सडकमा आउँदा गिरफ्तारीमा समेत परे ।

२००४ जेठमा भएको नागरिक आन्दोलनमा सहभागी दर्जनौं महिलामध्ये साधना, सहाना, स्नेहलता, कनकलताहरू गिरफ्तारीमा परे । तिनै आन्दोलनको जगमा २००४ साउन २२ गते राजनीतिक उद्देश्यसहित मङ्गलादेवी सिंहको अध्यक्षतामा स्नेहलता, सहाना प्रधान, साधना

> नेपाली महिलावादी आन्दोलन आधारभूत रूपमा हाम्रो आफ्नै अनुभव र अनुभूतिको उपज हो । योगमायाको नेतृत्वमा सुरु भएको नागरिक अभियानबाट अगाडि बढेको महिलावादी आन्दोलनले समयक्रममा विश्व महिलावादी आन्दोलनसँग सम्बन्ध र सम्पर्क विस्तार हुँदा सिक्ने र सिकाउने दुवै काम गर्दै आएको छ ।

प्रधान लगायत रहेको नेपाल महिला सङ्घ गठन भयो। त्यही सङ्घको प्रतिनिधि मण्डलले राणा प्रधानमन्त्रीसमक्ष महिला शिक्षा, रोजगारी र मताधिकारका माग औपचारिक रूपमा उठाएका थिए ।

त्यसपछिका हरेक आन्दोलनमा महिलाहरू अभिन्न अङ्गका रूपमा सहभागी हुँदै आए । समानताको मुद्दा आन्दोलनको विषय बन्दै आयो । २०१० सालमा साधना प्रधानको काठमाडौँ नगरपालिका र २०१५ सालमा द्वारिकादेवी ठकुरानी सांसद हुँदै सरकारमा पुगेपछि महिलाले जनप्रतिनिधिका रूपमा पनि काम गर्न सक्छन् भन्ने सोच स्थापित भयो ।

२०१७ पुस १ गतेको घटनापछि सुस्ताएको महिला आन्दोलन पञ्चायत कालमा झापा विद्रोहदेखि २०३५/०३६ सालको विद्यार्थीको अगुवाइमा भएको आन्दोलनमा महिलाहरू सँगै थिए । महिलाई ‘ आधा आकाश’ को संज्ञा दिँदै महिला विरुद्ध हुने हिंसाको अन्त्य, समान कामको समान पारिश्रमिक, पैतृक सम्पत्तिमा छोरीको समान हक, आमाको नाममा नागरिकता लगायतका विषयहरू आन्दोलनका साझा विषय बने ।

२०४६ सालको जनआन्दोलनबाट प्राप्त बहुदलीय व्यवस्थाले केही विषयलाई आंशिक रूपमा सम्बोधन गरेपछि धेरै विषयहरू सतहमा आए । महिला विरुद्ध हुँदै आएका सबै किसिमका हिंसा र विभेद अन्त्यको अभियान तीव्र बन्दै आयो। समानता र सामाजिक न्यायको पक्षमा काम गर्नेहरूको मैदान फराकिलो बन्दै गयो । महिलावादी मुद्दाहरू थप स्पष्ट हुँदै आए । समुदाय तहमा महिलाहरू सचेत र सङ्गठित हुन थाले । २०५२ सालबाट सुरु भएको सशस्त्र युद्धले

महिला लगायत राज्यसत्ताले किनारामा पारेका समुदायलाई सशक्त र सङ्गठित हुन थप योगदान गऱ्यो । विद्रोही बन्दुकको प्रतिकारको नाममा राज्यको बन्दुकमा पनि महिलाको पहुँच बढ्यो ।

यता सामाजिक अभियान र संसदीय प्रक्रियाबिच समन्वयमा महिला आन्दोलनले पनि गुणात्मक फड्को माऱ्यो । महिलाको समान वंश, अंश, समानुपातिक सहभागिता, लैङ्गिक हिंसाको अन्त्य आदि विषय सबैका साझा बने । यहीबिच यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको पहिचानको विषयले वैधानिकता पायो । त्यस्ता धेरै विषयहरू २०७२ को संविधानमा समेटिए । यो नेपाली महिलावादी आन्दोलनले प्राप्त गरेको ठुलो फड्को हो । त्यसको कार्यान्वयनको पक्षमा यो समुदाय अहिले पनि सङ्घर्षरत छ ।

यसरी वि.सं. १९७३ देखि नै नागरिक आन्दोलनको अङ्गका रूपमा जग बसेको महिलावादी आन्दोलन २००७, २०४६ र २०६३ सालमा भएका राजनीतिक प्रणाली परिवर्तनसँगै विकास र विस्तार हुँदै आएको छ । सिद्धान्ततः २०७२ सालको संविधानमा महिलावादी दृष्टिकोणबाट उठान गरिएका धेरै विषयहरू समावेश छन् । अबको दायित्व भनेको संवैधानिक रूपमा प्राप्त उपलब्धिको रक्षा र उपभोग गर्दै बाँकी विषयमा विकल्पसहित निरन्तर अभियान जारी राख्नु नै हो ।

## सबै महिलाका माग र आवश्यकता उस्तै छन् ?

विविधतायुक्त समाजमा सबै महिलाका माग र आवश्यकता समान छैनन् । वर्गीय आधारमा 'हुने खाने' र 'हुँदा खाने' महिलाका फरक आवश्यकता र विषय छन् । औपचारिक क्षेत्रमा कार्यरत श्रमिक र अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकका माग र अवस्था फरक छन् ।

पढे-लेखेर औपचारिक योग्यता प्राप्त गरेका वा शैक्षिक योग्यताका आधारमा काम गर्ने श्वेतपोस श्रमिक र शिक्षाबाट वञ्चित, कम लेखपढ गरेका वा सिपका आधारमा शारीरिक श्रम गर्ने निलोपोस श्रमिकका अवस्था र आवश्यकता फरक छन् ।

त्यसै गरी मूल धारमा रहेका जाति र जनजाति महिलाका मुद्दा फरक छन् । समाजमा मानवीय व्यवहारसमेत नपाएका दलित महिला र गैरदलित समुदायका महिलाका विषय र अवस्था फरक छन् । भूगोलका आधारमा तराई, पहाड र हिमाल अनि सुविधाका आधारमा सहर र गाउँमा बस्ने महिलाहरूको अवस्था फरक छ । सामाजिक रूपमा एकल महिला र परिवारसहितका महिलाका आवश्यकता र समस्या फरक छन् । अझ समाजले सहज रूपमा पहिचान नै स्वीकार नगरिसकेका यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायभित्रको विषय र आवश्यकता विलकुल फरक छ ।

यसर्थ फरक वर्ग र समुदायमा पर्ने महिलाका फरक माग र आवश्यकता एउटै डालोमा राखेर एकै प्रकारले गरिने सम्बोधन पर्याप्त हुँदैन । यसका लागि प्रयोग हुने भाषादेखि गरिने व्यवहारमा रूपान्तरण आवश्यक छ । लैङ्गिक समानताका लागि काम गर्दा नतिजामा सबैलाई समान अवसर र हैसियत प्रदान गर्न बनाइने समानताका लागि नीति र कार्यक्रम नै फरक रूपमा व्यवस्था गरिनुपर्छ । त्यसले आधारभूत रूपमा सबैलाई समान हैसियतका नागरिक अनुभूत गराउन सक्छ । लोकतान्त्रिक गणतन्त्रअनुसार संस्कार र संस्कृतिको निर्माण गर्छ । त्यसो भए मात्र विविधताबिचको एकताले संविधानमा परिकल्पना गरिएको समाजवाद उन्मुख र विभेदरहित समानतामा आधारित समाज निर्माणको आधार तयार हुनेछ । नतिजामा सबैले

समान रूपमा सामाजिक न्याय अनुभूत गर्न सक्ने वातावरण सिर्जना गर्नेछ ।

## महिलावाद र समावेशिताबिच के सम्बन्ध छ ?

महिलावादको लक्ष्य सबैको जीवन सहज, समान र समृद्ध बनाउनु हो । समाजका हरेक नागरिकलाई सम्मानित बनाउने हो । यसका लागि महिलावादको विषयमा महिला मात्र सचेत र परिवर्तन भएर हुँदैन । महिला, पुरुष र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक सबैको सोच, व्यवहार र दैनिकीमा परिवर्तन अनिवार्य छ । हाम्रो जस्तो विविधतायुक्त समाजमा महिलावादी आन्दोलनले सबै वर्ग, जाति, क्षेत्र र यौनिक समुदायलाई समान हैसियतमा ल्याउन समावेशिताको विषय केन्द्रबिन्दुमा राख्नै पर्छ ।

त्यसै गरी उमेरका आधारमा कुरा गर्दा यस अभियानको सफलताका लागि युवाले मात्र कुरा बुझेर वा परिवर्तन भएर हुँदैन । बालापनदेखि वयस्क र पाका मानिसहरूले पनि यो कुरा बुझ्न/बुझाउन र सम्भव भएसम्म परिवर्तित हुन आवश्यक छ । महिलावादी अवधारणालाई आत्मसात् गर्न सक्ता मात्र सबै सन्तानप्रति समान अवसर सिर्जना गर्न र जीवनको उत्तरार्धमा छोराको साथ होस् वा छोरीको वा अरू कसैको, निसङ्कोच सहज र सरल जीवन बाँच्न सकिनेछ । महिलावाद र फरक विचार एवं विश्वासप्रति समान र सम्मानको दृष्टि राख्छ । सम्भव र साझा विषयमा समन्वय र सहकार्यको संस्कृतिमा विश्वास गर्छ । यसैले महिलावाद र समावेशिताबिच निकट सम्बन्ध रहँदै आएको छ ।

## सबै महिलावादी उस्तै हुन् ?

सबै महिलावादीहरू उस्तै होइनन् । महिलावादीहरूबिच सोच र लक्ष्यअनुसार भिन्नता छ । केही महिलावादीहरू नीति र कानुनमा लैङ्गिक समानता भएपछि थप कुरा व्यक्तिगत रूपमा प्रतिस्पर्दा गर्नुपर्छ भन्ने सोच राख्छन् । यस किसिमको सोच राख्नेलाई ‘ उदारवादी-महिलावादी’ भनिन्छ । अर्का थरी हुन्छन्– पुरुष नै हाम्रो समस्या हो भन्ने । यस किसिमको विचार राख्ने ‘उग्र महिलावादी’ हुन् । तेस्रो थरी हुन्छन्– आर्थिक रूपमा महिला सम्पन्न भए वा आत्मनिर्भर भए भने समानता हुन्छ । त्यसैले महिलाको शिक्षा र रोजगारी अर्थात् आर्थिक उत्पादनको क्षेत्रमा महिला सहभागिताले विभेदको अन्त्य हुन्छ भन्ने । यस्तो सोचलाई ‘मार्क्सवादी महिलावाद’ भनिन्छ । चौथो हो– समाजमा लैङ्गिक आधारमा हेरिने दृष्टिकोण र गरिने व्यवहार नै पितृसत्तात्मक छ । त्यसको अन्त्यबिना आर्थिक आत्मनिर्भरताले मात्र विभेदको अन्त्य हुँदैन । अनि समाजमा विद्यमान वर्गीय, जातीय, भौगोलिक लगायतका विविधताका आधारमा फरक अवस्थामा रहेका लैङ्गिक विभेदलाई फरक ढङ्गबाट सम्बोधन गर्दा मात्र परिणाममा समानता आउन सक्छ भन्ने सोच । यसलाई ‘समाजवादी महिलावाद’ भनिन्छ ।

यीबाहेक पनि उपशाखाका रूपमा संस्कृतिका आधारमा कुरा गर्ने ‘सांस्कृतिक महिलावाद’, वातावरण केन्द्रित भएर कुरा गर्ने ‘ वातावारणीय महिलावाद’ आदि छन् । महिलावादी आन्दोलनमा यी सबै प्रकारका विचारहरू एकअर्काको विकल्पका नभई पूरकका रूपमा लिइन्छ ।

हाम्रो जस्तो सामाजिक विविधता, आर्थिक विपन्नता, जातीय विभेद र भौगोलिक असमानता रहेको सामाजिक अवस्थामा समाजवाद उन्मुख संविधानको कार्यान्वयनको चरणमा छ । लैङ्गिक समानता प्राप्तिको आधार श्रमको वितरण र त्यसप्रतिको दृष्टिकोण हो भन्दै अध्येता होच्स्चिल्ड (सन् २००३) ले भनेका छन्– "समाजवादी-महिलावादीहरू राजनीतिक अधिकारका साथमा आर्थिक, सामाजिक र सांस्कृतिक पक्षलाई महत्त्वका साथ लिन्छन् । घरमा आधारित कामलाई महत्त्वपूर्ण रूपमा लिने गर्छन् । महिलाले नागरिकको रूपमा बच्चा जन्माउने, उनीहरूलाई सामाजिक बनाउन भावनात्मक सेवा प्रदान गर्ने साथै घरायसी काममा संलग्न रहेर पुरुषहरूलाई सार्वजनिक कार्यस्थलको कामका लागि सहज वातावरण बनाइदिने जस्ता कामलाई समाजवादी दृष्टिकोण राख्नेहरूले विशेष महत्त्वको काम मान्छन् । त्यसलाई उदारवादी सोच राख्नेहरूले सामान्यतः अनदेखा गरेको पाइन्छ। हाम्रो जस्तो विविधतायुक्त समाज र विद्यमान संविधानको प्रावधानका आधारमा पनि हाम्रो सन्दर्भमा समाजवादी महिलावाद नै उपयुक्त सोच र लक्ष्य प्राप्तिको बाटो हुन सक्छ ।

# महिलावादी आन्दोलनका साझेदार

महिलावादी आन्दोलन पितृसत्ता विरुद्धको सामुहिक र संगठित अभियान हो। पितृसत्ताले यौनिकता र लैंगिकताको आधारमा त विभेद गर्छ नै। साथमा वर्ग, जात, क्षेत्रको आधारमा पनि विभेद गर्दै आएकोछ। पितृसत्ताले श्रमलाई सानो र ठुलोमा भनेर श्रमको मर्यादा र श्रमजीवीप्रतिको सम्मानमा विभेद गर्छ। त्यसमा पनि

> विविधतायुक्त नेपाली समाजमा सबै वर्ग, जाति, क्षेत्र र लैङ्गिक समुदायले सामाजिक न्याय र समानताको पक्षमा गर्दै आएका अभियान र आन्दोलनहरू महिलावादी आन्दोलनका साझेदार हुन् ।

महिलाको अत्यधिक सहभागिता रहेको अनौपचारिक क्षेत्रको श्रमलाई काम मान्दैन । र श्रम गर्नेलाई श्रमिक भन्दैन । घरायसी कामले कामको मान्यता दिदैन । श्रम क्षेत्रको न्यायका लागि श्रमजीवी वर्गसँग महिलावादी आन्दोलनको साझेदारी आवश्यक छ ।

हाम्रो जस्तो विविधतायुक्त समाजमा पितृसत्ताले जातीय आधारमा मानिसलाई वर्गिकरण गरिदिएको छ । कसैप्रति छुत र अर्कोप्रति अछुतको व्यवहार अझै कामय छ । शारीरिक बनावट र अवस्थाको आधारमा विभेद जारी छ । त्यहाभित्र पनि महिलाहरू झनै पिधमा छन । छुत अछुतको कुसंस्कार विरुद्ध दलित समुदाय र किनारामा पारिएका सिमान्तकृत समुदायलाई मुलधारमा ल्याउनुकासाथै त्यहाभित्र लैंगिक रूपमा पिधमा पारिएका समुदायलाई समान हैसियतमा ल्याउन उनिहरूसँग महिलावादी आन्दोलनको साझेदारी अनिवार्य छ ।

विविधतयुक्त समाजमा सवैको मौलिक संस्कृतीहरू हाम्रो पुजी हो । तर, पितृसत्ताले कसैको संस्कारलाई सभ्य र अरु कसैको मौलिक संस्कारलाई असभ्य भन्दै हेप्ने र हियाउने प्रचलन कायमै छ । भौगोलिकताका आधारमा नागरिक-नागरिकवीच सम्मान र अपमानको व्यवहार अझै बाँकी छ । छालाको रंग र शरिरको खोल हेरेर प्रयोग हुने भाषा र गरिने सम्मानविहिन व्यवहार रोकिएको छैन । अझ ति वर्ग र समुदायभित्रका महिला र यौनिक तथा लैंगिक अल्पसंख्यकमाथि

लैंगिकताका आधारमा थप विभेद कायम छ। महिलावाद यसको अन्त्य चाहन्छ र ति सवै महिलावादी आन्दोलनको साझेदार हुन ।

यसर्थ प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा पितृसत्ताको प्रभाव र प्रताडना लैंगिकताकोसाथै वर्गिय, जातीय र क्षेत्रीय आधारमा फरक रूपमा विद्यमान छ। यस किसिमको विभेद, असमानता, हिंसा र दुरुत्साहनको अन्त्य गर्दै सामाजिक न्यायको पक्षमा हुने सवै सचेत र जागरुक आन्दोलन र अभियान महिलावादी आन्दोलनको अभिन्न साँझेदार हुन । सामाजिक न्यायको पक्षमा क्रियाशील सवै किसिमका अभियन्ताहरू महिलावादी अभियानको सहकर्मी र सहयोद्धा हुन । एकीकृत र संश्लेषित शक्तिले समाज रूपान्तरणमा तीव्रता दिनका लागि पनि यो साझेदारी आवश्यकछ ।

## पुरुष पनि महिलावादी हुन्छन् ?

जो लैङ्गिक न्यायसहितको समानता चाहन्छन्, उनीहरू महिलावादी हुन् तर महिला हुँदैमा सबै महिला महिलावादी हुँदैनन् । पुरुष हुँदैमा पितृसत्ताका प्रवर्द्धक हुँदैनन् । किनकि महिलावादको सम्बन्ध यौनिक पहिचानमा होइन, सोचाइ र व्यवहारसँग सम्बन्धित हुन्छ । त्यसैले समानतामा आधारित सामाजिक न्यायसहितको समाज निर्माणको पक्षमा लाग्ने हरेक व्यक्ति महिलावादी हुन् । उनीहरू महिला, पुरुष वा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक कोही पनि हुन सक्छन् ।

विश्वको इतिहासमा पनि महिलावादमा विश्वास गर्ने धेरै पुरुषहरू थिए । उदाहरणका लागि सन् १८४८ मा आर्थिक रूपमा आत्मनिर्भर भएपछि मात्र महिलाहरू मुक्त हुन्छन् भन्ने विचार अगाडि ल्याउने कार्ल मार्क्स र एङ्गेल्सहरू हुन् वा सन् १८६७ मा बेलायतको

संसद्मा समानतासम्बन्धी कानुन बनाउने विधेयक पेस गर्ने सांसद जोहन स्टुआर्ट मिल, उनीहरू पुरुष थिए । सन् १८८९ मा क्लारा जेट्किनले समान कामको समान पारिश्रमिकको प्रस्ताव राख्ता साथ दिने अधिकांश सहभागी पुरुष नै थिए । सन् १९४० मा चिनियाँ क्रान्तिको सन्दर्भमा राजनीतिक, आर्थिक र सामाजिक रूपमा प्राप्त समानता उपभोग गर्न पितृसत्ताको पनि अन्त्य हुनुपर्छ भन्ने माओ त्से तुङ पुरुष नै थिए । आजको दुनियाँमा पनि प्रशस्त पुरुषहरू समनतामा आधारित मानवीय समाजको निर्माण चाहन्छन् । सामाजिक न्यायको पक्षमा वकालत मात्र गर्दैनन्, महिला नेतृत्व विकास र समान सहभागिताबिना कुराले मात्र समानता आउँदैन भन्ने सोचमा प्रतिबद्ध हुँदै नतिजामा परिवर्तनका लागि क्रियाशील छन् । उनीहरू महिलावादी हुन् । यसर्थ, सामाजिक न्यायका पक्षपाती हरेक व्यक्ति महिलावादी आन्दोलनका अभिन्न अङ्ग र अंशका रूपमा रहँदै आएका छन् र जोडिँदै जानेछन् ।

## नेपालमा पनि महिलावादी पुरुष छन् ?

हो, नेपालमा महिलावादी पुरुषहरू पहिलेदेखि थिए र अहिले पनि छन् । जसरी नेपालका हरेक राजनीतिक-सामाजिक आन्दोलनमा महिलाहरूको सहभागिता रहँदै आयो, हरेक महिलावादी आन्दोलनमा पुरुषहरूको साथ र सहयोग रहँदै आएको छ । उदाहरणका लागि नागरिक विद्रोहकी अभियन्ता योगमायाका सबैभन्दा निकट सहकर्मी प्रेमनारायण भण्डारी थिए । राजनीतिक इतिहासमा पुष्पलाल र विश्वेश्वरहरू जस्ता नेता थिए, जसले लैङ्गिक समानताका पक्षमा बोले । राजनीतिक दलको नीतिमा समानताको विषय समावेश गरे । पछिल्लो चरणमा पञ्चायत विरोधी आन्दोलनमा समानताका विषयको उठान गर्ने र महिलाहरूलाई सचेत र सङ्गठित गर्न अगुवाइ गर्ने

पुरुष धेरै थिए । बहुदलीय कालमा राजनीतिक वा सामाजिक रूपमा लैङ्गिक समानताको विषयलाई राज्यसत्तादेखि समुदायसम्म पुऱ्याउने अभियानमा पुरुषहरू सँगै थिए । सामन्ती पितृसत्तामा आधारित राजतन्त्रको अन्त्य गरी समावेशी-समानुपातिक सहभागितासहितको गणतान्त्रिक व्यवस्था स्थापनाको आन्दोलनमा लैङ्गिक समानताको विषय समावेश गर्ने र आन्दोलनमा महिलाहरूको सरोबरी सहभागिता गराउने अभियानमा पुरुषहरू पनि सँगै थिए । आज संवैधानिक र कानुनी रूपमा लैङ्गिक समानताका सन्दर्भमा जेजति हक, अधिकार, अवसर र दायित्व प्राप्त भएका छन्, त्यसका पछाडि धेरै पुरुषहरूको साथ छ ।

अहिलेको हाम्रो ~~समस्या~~ चूनौती भनेको प्राप्त उपलब्धिको व्यावहारिक कार्यान्वयन हो । राज्यसत्ता होस् वा पार्टीसत्ता, सत्ताबाहिर वा विपक्षमा रहँदासम्म महिलावादी एजेन्डामा सहमत व्यक्तिहरू पनि सत्तामा पुगेपछि स्थापित प्रावधानको कार्यान्वयनमा खरो उत्रन नसक्नु समस्या बनेको छ । अझ खास प्रावधान (जस्तो प्रमुख वा निर्णायक पदमा महिला सहभागिता) कार्यान्वयन गर्दा आफ्नै पद धरापमा पर्ने अवस्था आउँछ, तब महिलावाद धर्मराउने गरेका घटना प्रशस्त देखिएका छन् । यसको मूल कारण भनेको सिद्धान्त र विचारमा महिलावाद स्वीकार गरे पनि मन र मस्तिष्कको गहिराइमा जीवित रहेको पितृसत्ता हो । यसले सहजै महिलाको नेतृत्व स्वीकार गर्न दिँदैन । यस किसिमको मनस्थितिमा रूपान्तरणका लागि प्रवृत्ति परिवर्तनका साथै नयाँ पुस्तालाई सानैदेखि समानताको संस्कारमा हुर्काउने अभियान जरुरी छ ।

## महिलावादले पुरुषलाई पनि फाइदा हुन्छ ?

हो, महिलावादले महिला र पुरुष मात्र होइन, सामाजिक न्यायका पक्षपाती सबैको हितमा काम गर्छ । पितृसत्ताले महिलाको मात्र होइन, पुरुषको जीवनमा पनि नकारात्मक असर र विभेद गरेको छ । छोरालाई सानो उमेरदेखि नै 'रुनु हुँदैन, डराउनु हुँदैन, कसैसँग दब्नु वा झुक्नु हुँदैन' जस्ता कुरा गरेर मानवीय संवेदननामाथि दबाब सिर्जना गर्ने मुख्य कारण पितृसत्ता नै हो । यसले अहमको बिजारोपण गर्छ र उमेरसँगै यो अहङ्कारको रूपमा विकास हुन्छ । समयसँगै फरक लैङ्गिक समूह र कमजोर वर्ग समुदायमाथि प्रभुत्व देखाउने रूपमा अभिव्यक्त हुन थाल्छ । समग्रमा पितृसत्ताले एउटा केटालाई असल नागरिक हुनबाट विमुख गर्दै घमन्डी, अहङ्कारी, हिंसात्मक, विभेदकारी सोच र व्यवहारको अमानवीय (कु) संस्कारी बनाइदिन सक्छ । कतिपय छोराहरू त किशोर अवस्थामा प्रवेश गर्दै जाँदा 'जन्म दिने आमा पनि महिला हो' भन्ने बिर्सन्छन् र महिलालाई हियाउन, होच्याउन तथा कतिपय अवस्थामा हिंसात्मक व्यवहार गर्न थाल्छन् । यसको चरम रूप कतिपय व्यक्तिलाई अपराध कार्यमा संलग्न हुनसमेत प्रेरित गर्छ । महिलावादको लक्ष्य यस्ता प्रवृत्तिको अन्त्य हो । त्यसैले महिलावाद पुरुषको पनि हितमा छ ।

> पितृसत्ताले पुरुषलाई बलियो बन्ने नाममा क्रूर र हिंस्रक बनाउँछ । दायित्वको नाममा अनावश्यक बोझ थोपरिदिन्छ । प्रभुत्वशाली बनाउने नाममा परनिर्भर बनाउँदै आएको छ । महिलावादले सबै नागरिकबिच निजी, पारिवारिक र सार्वजनिक जीवनका सबै क्षेत्र र भूमिकामा समझदारी, सहकार्य र सहअस्तित्व चाहन्छ ।

त्यसै गरी पितृसत्ताले पुरुषलाई सानैदेखि गह्रौं बोझ थोपर्छ । 'छोरो भएपछि परिवारको सबै दायित्व

लिनुपर्छ । परिवारको माग र आवश्यकता पूरा गर्नुपर्छ । आमाबाबु, श्रीमती र सन्तानको पालनपोषण गर्नुपर्छ' जस्ता सम्भव/असम्भव सबै दायित्व बोकाउन थाल्छ । 'छोरो मान्छे घरको सुसेधन्धामा रुमलिने होइन, बाहिरफेर जानुपर्छ । कमाइधमाइका ठुला काम गर्नुपर्छ, घुमघाम गर्नुपर्छ' भनेर विभेदपूर्ण लैङ्गिक भूमिका र कामप्रतिको वर्गीकृत दृष्टिकोण बनाइदिन्छ । यसले निजी जीवनमा चाहिने आधारभूत सिप (पकाउने, खाने, सरसफाइ आदि) बाट विमुख बनाउँछ । नतिजा, बिस्तारै पुरुषलाई आधारभूत रूपमा परनिर्भर बनाउँछ र अरू कसैको सहयोगबिना न्यूनतम मानवीय जीवन पनि सहजतापूर्वक बाँच्नै नसक्ने बनाइदिन्छ ।

तर, महिलावाद पुरुषको जीवनमा देखिने यी सबै खराबीको अन्त्य चाहन्छ। पुरुषमाथि थोपरिएको दायित्व र तनावबाट मुक्तिको कुरा गर्छ। हक र अधिकार मात्र होइन, परिवारमाथिको दायित्व र जिम्मेवारीमा पनि समान साझेदारीको संस्कार चाहन्छ । यसर्थ, बराबरी हक र दायित्वसहितको सुसंस्कृत समाज निर्माणले पुरुषमाथि पितृसत्ताले लादेको अमानवीय दबाब र असन्तुलित दायित्वबाट मुक्त गर्ने काम गर्छ । परिवारदेखि राज्यसत्तासम्म असन्तुलित रूपमा रहेका शक्ति, स्रोत, अवसर र दायित्वको सन्तुलित रूपमा पुनर्वितरण चाहन्छ । यसले महिला र पुरुष वा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकलाई समान रूपमा फाइदा पुऱ्याउँछ ।

## महिलावाद र वर्गीय आन्दोलनबिच के सम्बन्ध छ ?

महिलावादको लक्ष्य सबैको समान मर्यादा, सम्मानसहित श्रमलाई प्राथमिकता दिने हो । वर्गीय कुरा गर्दा श्रमिकहरू सबैभन्दा पिँधमा

पारिएका वर्ग हुन् । त्यसमा पनि महिला श्रमिकहरू अझै बढी विभेद र शोषणमा पर्दै आएका छन् । त्यसैले वर्गीय आन्दोलनको मूल लक्ष्य आर्थिक उत्पादनमा महिला र पुरुषको समान सहभागिता र आत्मनिर्भरताको विषय प्रमुख हुन्छ ।

राजनीतिक रूपमा सार्वजनिक क्षेत्रका सबै निकाय र तहमा निर्णय प्रक्रियादेखि कार्यान्वयन तहसम्म भूमिकासहितको सहभागिताको कुरा गर्छ । सामाजिक रूपमा बिनाभेदभाव सबै क्षेत्रमा काम गर्ने श्रमिकलाई समान नागरिकको हैसियतमा सम्मानको संस्कार स्थापित गर्न चाहन्छ । सांस्कृतिक रूपमा पारिवारिक मामिलामा महिला र पुरुष सबै श्रमिकका लागि आधारभूत सेवा र सुविधाको कुरा गर्छ । महिलावादले समाजमा स्थापित परम्परागत मूल्यमान्यता, अन्धविश्वास, हानिकारक अभ्यासको अन्त्य गर्दै तथ्य~~का~~मा आधारित विज्ञानसम्मत मानवीय संस्कार र अभ्यासको स्थापना चाहन्छ । त्यसैले भनिन्छ– श्रमजीवी वर्गको एकतामा संसार बदल्ने तागत हुन्छ ।

यी सबै विषय महिलावादी आन्दोलनका साझा हुन् । त्यसैले महिलावाद र श्रमजीवी वर्गीय आन्दोलनबिच अन्योन्याश्रित सम्बन्ध छ । यी दुवै एकार्काका परिपूरक हुन् ।

# महिलावाद र समाजवादबिच कस्तो सम्बन्ध छ ?

समाजवाद र महिलावाद नजिकका नातेदार हुन् । हाम्रो संविधानमा पनि समाजवादलाई लक्ष्य किटान गर्दै धारा (४) मा 'नेपाल राज्य समाजवाद उन्मुख हुने' उल्लेख छ । यसको आधारका रूपमा प्रस्तावनामै 'जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका एवं कानुनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यता आधारित' हुने उल्लेख गरिएको छ ।

समाजवादको पहिलो आधार सबै नागरिकको समान हैसियत हो । यसका लागि समाजमा विद्यमान कुनै पनि विभेदपूर्ण, असमान, अमर्यादित दृष्टिकोण र व्यवहारको अन्त्य हुनुपर्छ । फरक समुदायका फरक आवश्यकताको पहिचान गर्दै नतिजामा समानता कायम हुने गरी सम्बोधन गर्नु समाजवाद र महिलावाद दुवैको लक्ष्य हो ।

> समाजवाद र महिलावादबिच अन्योन्याश्रित सम्बन्ध छ । एउटाको अभावमा अर्कोले परिकल्पना गरेको मर्यादित र समन्यायिक समाज निर्माण सम्भव छैन ।

त्यसै गरी कामको क्षेत्रमा पेसा र पदका आधारमा जिम्मेवारी फरक भए पनि व्यक्तिको क्षमता, रुचि र कामको उपलब्धता एवं आवश्यकताअनुसार गरिने काम फरक हुन्छ । तर, सबै कामप्रतिको मर्यादित दृष्टिकोण र श्रमिकप्रतिको सम्मानित व्यवहारले मात्र समाजवादको आधार तयार गर्न सकिन्छ । संविधानको मर्मअनुसार हरेक नागरिकको हक र दायित्व बराबर अर्थात् समान हुन्छ । हामी राजनीतिक रूपमा लोकतान्त्रिक अभ्यासमा विश्वास गर्छौं । लोकतन्त्र प्रणाली मात्र होइन, निर्वाचनमा मत माग्नु र दिनु मात्र पनि होइन । लोकतन्त्र भनेको नागरिकप्रतिको समान मार्यादा र सम्मान हो । लोकतन्त्रको प्रतिबिम्ब व्यक्ति, समाज र राज्य संयन्त्रमा अन्तरनिहित संस्कार र संस्कृति पनि हो । समृद्ध समाजको सबैभन्दा सुन्दर पक्ष भनेको मानवीय सम्मान र मर्यादाको पक्ष हो । संस्कारहीन आर्थिक सम्पन्नता र भौतिक विकासले मात्र समाज समृद्ध हुनै सक्तैन ।

रोजगारी अर्थात् श्रम मानव जीवनको आधार हो । त्यसैले त कार्लाइलले भनेका छन्– “मानिस सुन्दर त्यतिखेर देखिन्छ, जब ऊ श्रम गरिरहेको हुन्छ ।”

श्रमको मर्यादा र श्रमिकको सम्मानको कुरा श्रमको उचित मूल्याङ्कन र मूल्यमा प्रतिबिम्बित हुन्छ । उत्पादन सम्बन्धको कुरा गर्दा पुँजी र श्रमको लगानीका आधारमा हेर्नुपर्छ । पुँजी र श्रमको संयुक्त लगानीबाट उत्पादित वस्तुबाट प्राप्त नाफामा श्रम र पुँजी लगानीकर्ता दुवैको समान हिस्सेदारी हुने कुरा नै श्रमिक अधिकार र न्यायिक श्रम सम्बन्धको विषय हो । मार्क्सवादको आधारभूत कुरा पनि यही हो । यसर्थ मार्क्सवाद आर्थिक न्यायको दृष्टिकोणबाट समाजवाद निर्माणको अभिन्न अङ्ग हो । लैङ्गिक समानताको सन्दर्भमा मार्क्सवादले भन्छ– “समाजको आधा हिस्सा महिलाको श्रम बजारमा प्रवेशबिना समाजको आर्थिक समृद्धि सम्भव छैन र आर्थिक

उत्पादन प्रणालीमा प्रत्यक्ष सहभागिताबिना महिलामुक्ति अर्थात् महिलाको समान नागरिक हैसियत सम्भव छैन ।" यसर्थ, मार्क्सवाद आर्थिक रूपमा लैङ्गिक समानतासँग सम्बन्धित सिद्धान्त हो ।

श्रम बजारमा प्रवेशसँगै सारभूत समानता स्थापनाका लागि श्रमिक अधिकारको सम्बन्धमा महिला र पुरुषका लागि फरक व्यवस्था आवश्यक छ । बच्चा जन्माउने कुरा व्यक्ति र परिवारको चाहना र आवश्यकताको मात्र विषय होइन, समाजको निरन्तरताका लागि सामाजिक दायित्वको पक्ष पनि हो । यसर्थ, शिशु गर्भमा आउँदादेखि शैशवकाल हुँदै किशोर अवस्थासम्म पुग्दा मानव विकासका लागि आवश्यक पर्ने मातृशिशु सम्बन्ध, शिशुस्याहार, मातृत्व संरक्षण लगायत अन्य सेवा, सुविधा र सहज वातावरणलाई सामाजिक दायित्वको रूपमा स्थापित गरिनुपर्छ । यो महिलावादले उठान गर्दै आएको महत्त्वपूर्ण विषय हो ।

पारिवारिक काममा पुरुषको समान सहभागिताबिना सार्वजनिक क्षेत्रमा महिलाको समान सहभागिता सम्भव छैन । यसर्थ परम्परागत लैङ्गिक भूमिकामा परिवर्तन गर्दै सबै क्षेत्रको काममा सबैको साझेदारीको संस्कार महिलावादको चुरो कुरा हो । यसले कामप्रतिको दृष्टिकोण र व्यहवार बदल्ने मात्र होइन, राजनीतिक अधिकार र सामाजिक रूपमा लैङ्गिक दृष्टिकोण, भूमिकाको साथमा साधन र स्रोतमाथिको स्वामित्व, पहुँच र नियन्त्रण सबैमा परिवर्तन हुनेछ । समाजवादको लक्ष्य र महिलावादको चाहना यही हो ।

यसरी हेर्दा समाजवाद र महिलावादबिच अन्योन्याश्रित सम्बन्ध देखिन्छ, जहाँ एउटाको अभावमा अर्कोको सफलता सम्भव छैन । यसैले आफ्नो साम्राज्य फैलाउन पुँजीवादीहरूले विश्वयुद्धको नाममा संसार ध्वस्त गर्दै गर्दा विश्व समाजवादी आन्दोलनका पक्षमा रहेका व्यक्तिहरू

मानवीय मूल्यको कुरालाई महत्त्वका साथ उठाउँदै थिए । त्यही क्रममा सन् १९१४ मा मेरी ह्वाइट ओभिन्टनले भन्नुभएको थियो– "समाजमा समाजवादी र महिलावादी दुई किसिमका आन्दोलन जारी छन् । समाजवादी आन्दोलन गरिबी उन्मूलनका लागि सङ्घर्षरत छ भने महिलावादी आन्दोलन महिला विरुद्ध हुने सबै किसिमका अत्याचार विरुद्ध लक्षियत छ ।" यस भनाइका आधारमा पनि भन्न सकिन्छ– समाजवाद र महिलावादबिच अन्योन्याश्रित सम्बन्ध छ ।

त्यसै गरी बिसौँ शताब्दीको सुरुआतमै वैचारिक अभियन्ता लोइस डब्लु निल्यान्डले महिलावाद र समाजवादबिचको सम्बन्धलाई अझ स्पष्ट पार्दै लेख्नुभएको छ– "महिलावादी सोचबिनाको समाजवादमा प्राण हुँदैन र समाजवादी सोचबिनाको महिलावादमा रणनीति हुँदैन" (सन् १९१४) । यसर्थ, सामाजिक न्याय र समानतासहितको मानवतामा आधारित समाज निर्माणका लागि समाजवाद र महिलावाद एकअर्काका परिपूरक हुन् । दुई फरक सिद्धान्तमध्ये एकको अभावमा समृद्ध समाज निर्माण सम्भव छैन । यसरी हेर्दा मार्क्सवाद र महिलावाद दुवैको संश्लेषणात्मक कार्यान्वयनको पहलबिना समाजवादको स्थापना कोरा कल्पना मात्र हुनेछ ।

# विश्वमञ्चमा महिलावादसम्बन्धी नेपालको प्रतिबद्धता

नेपाल २०२५ सालमा संयुक्त राष्ट्र सङ्घको सदस्य भयो । सदस्य राष्ट्रको हैसियतले नेपाल संयुक्त राष्ट्र सङ्घबाट पारित धेरै महासन्धि र प्रस्तावहरूको पक्षराष्ट्र हुँदै आएको छ । समानताको कुरा गर्दै गर्दा विश्व मानव अधिकार घोषणापत्र, महिला विरुद्ध हुने सबै प्रकारका विभेद अन्त्यको महासन्धि (सीड-१९७९), अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलो) का महासन्धिहरू १०० (समान कामको समान पारिश्रमिक-१९५१) र महासन्धि १११ (पेसा व्यवसाय र अवसरमा विभेद नगरिने-१९५८) को नेपाल पक्षराष्ट्र हो । संयुक्त राष्ट्र सङ्घबाट सन् २०१५ (वि.सं. २०७२) मा पारित दिगो विकास लक्ष्यप्रति हामी प्रतिबद्ध छौँ । यसको लक्ष्य नम्बर पाँच लैङ्गिक समानतासँग सम्बन्धित छ । यसमा सन् २०३० (वि.सं. २०८७) सम्ममा नीति निर्माणदेखि सबै तहमा पूर्ण र प्रभावकारी सहभागिता गरिनुपर्ने मापक तय गरिएको छ भने सबै किसिमका विभेद र असमानताको अन्त्य नै शान्ति, समृद्धि र दिगोपनको आधार हुने कुरा उल्लेख छ । यो पनि महिलावादको चुरो कुरो हो ।

साथै अन्तर्राष्ट्रिय मञ्चहरूमा 'समानताको आधार महिलावाद' उठान हुँदा हामी त्यसको पक्षमा उभिँदै आएका छौँ । पछिल्लो उदाहरणका

रूपमा २०७५ फागुनमा संयुक्त राष्ट्र सङ्घको कमिसन अफ स्टाटस अफ विमेनको बैठक (ऋक्ध्टघ, ज्ञद्द(घ(द्दण्ज्ञढ० को उद्घाटन मन्तव्यमा संयुक्त राष्ट्र सङ्घका महासचिवले भनेका थिए– "जेन्डर समानता मानव अधिकारको केन्द्रीय विषय, विकासको आधार र दिगो शान्तिको जग हो । आधारभूत कुरा के हो भने जब महिलाहरूलाई बहिर्गमनमा पारिन्छ, त्यसको मूल्य सिङ्गो समाजले चुकाउनुपर्छ । समाजका हरेक क्षेत्रमा महिलाको संलग्नताले सिङ्गो विश्वले जित्नेछ । त्यसैले म फेरि भन्न चाहन्छु, महिलावादी हुनुमा मलाई गर्व छ । म समानतामा विश्वास गर्ने ती सबै पुरुषहरूलाई महिलावादी हुन आग्रह गर्छु । हाम्रो विभेदपूर्ण समाजमाथि समानताले विजय प्राप्त गर्न हामी सबै महिलावादी हुनु जरुरी छ ।" उक्त कार्यक्रमा महामहिम राष्ट्रपति विद्यादेवी भण्डारीको नेतृत्वमा नेपाल सरकारको प्रतिनिधि मण्डल सहभागी थियो ।

यस्ता अनगन्ती मञ्चहरूमा सहभागी हुँदा हाम्रा दल र राष्ट्रका तर्फबाट सहमति जनाउने काम धेरै पटक भएका छन् । तर, मुलुकभित्र आफ्ना समकक्षी र कार्यकर्ता महिलावादी हुनुलाई अझै पनि सहज रूपमा स्वीकार गरिने अवस्था बनिसकेको छैन । अर्थात्, संविधान र कानुनमा उल्लेख भएका प्रावधान र अपेक्षा गरिएको नतिजाको कुरा उठान गर्दासमेत 'धेरै महिलावादी नहुन' दिइने निर्देशनात्मक अभिव्यक्तिले अझै पनि हाम्रो राजनीतिक नेतृत्वमा पितृसत्तात्मक अहङ्कारको अन्त्य नभएको स्पष्ट हुन्छ । त्यसैले महिलावादको लक्ष्य र उद्देश्यका रूपमा रहेको व्यवहारमा समानता प्राप्तिका लागि अझै मेहनत गर्नुपर्ने देखिन्छ ।

## लैङ्गिक समानताको मापन कसरी गर्न सकिन्छ ?

महिलावादको मापन समतामूलक सामाजिक जीवनका आधारमा हुन्छ । समतामूलक व्यवहार समानतामा आधारित सोच वा दृष्टिकोणबाट निर्देशित हुन्छ । सोचाइको सहज अभिव्यक्ति बोलाइ र गराइमा झल्किन्छ। यसर्थ महिलावादको मापन पारिवारिक रूपमा साधनस्रोतमाथिको स्वामित्वमा देखिन्छ । स्वामित्वमा रहेको साधन/स्रोतको स्वतन्त्र उपयोग गर्न पाउने नियन्त्रणमा देखिन्छ । आफ्नो बारेमा आफैले निर्णय लिन पाउने अधिकारमा झल्किन्छ। कुनै पनि क्षेत्रको जिम्मेवारी लिने/दिने क्रममा भूमिका र शक्ति विन्यास एवं दायित्व निर्वाहसँगै नतिजामा देखिन्छ। महिलावादको व्यावहारिक अवस्थाको मापन स्वामित्व, नियन्त्रण, निर्णय अधिकार, कार्यविभाजन, कार्यसम्पादनका आधारमा गर्न सकिन्छ। यस्तो कुरा हरेकको बोली, व्यवहार र गतिविधिमा सहजै प्रतिबिम्बित भइरहेको हुन्छ । हरेक समाजमा 'महिलाहरू आधा जनसङ्ख्या मात्र होइनन्, आधा श्रमशक्ति पनि हुन्' भन्ने अनुभूति र व्यवहारमा देखिन्छ ।

नीति निर्माण प्रक्रियामा होस् वा रोजगारीको क्षेत्रमा, महिला सहभागिता समृद्धिको विषय मात्र होइन, सामाजिक न्यायको विषय पनि हो । त्यसैले सामाजिक न्यायसँग सरोकार राख्ने हरेक विषयमा महिलाको निर्णायक सहभागिता लोकतान्त्रिक आवश्यकता हो । व्यावहारिक रूपमा लोकतन्त्रको मापनको आधार पनि हो । त्यसैले नीति निर्माणदेखि सार्वजनिक सरोकारका हरेक विषयमा लैङ्गिक सहभागिता महिलावाद मापनको महत्त्वपूर्ण आधार हो ।

त्यसैले महिलावादको मापन आर्थिक रूपमा उत्पादनका साधनमाथिको स्वामित्व र नियन्त्रण, रोजगारीमा सहभागिता, समान कामको समान

पारिश्रमिक लगायतका आधारमा गर्न सकिन्छ । राजनीतिक रूपमा सार्वजनिक र निजी जीवनमा सरोकार राख्ने विषयको सरकारीदेखि गैरसरकारी र समुदाय तहसम्मको निर्णय प्रक्रियामा रहेको सहभागिता एवं भूमिकामा रहेको लैङ्गिक सन्तुलनको आधारमा गरिन्छ । फरक लैङ्गिक समुदायको फरक आवश्यकताको पहिचान र फरक रूपमा गरिने सम्बोधनका आधारमा गरिन्छ । सामाजिक-सांस्कृतिक रूपमा विद्यमान लैङ्गिक भूमिका, मान्यता, व्यवहारमा परिवर्तन र हानिकारक अभ्यासहरूको अन्त्यका आधारमा महिलावाद मापन हुन्छ ।

अहिले पनि समाजमा महिलाले कस्तो कपडा लाउने ? कस्तो कपाल राख्ने ? कति बेला, कोसँग कहाँ जान हुने/नहुने जस्ता नितान्त व्यक्तिगत कुरा सार्वजनिक चासोका विषय बन्न छाडेका छैनन् । त्यसैले महिलावाद मापन गर्ने सन्दर्भमा जुन कुरा छोराबारे चासो हुँदैन, त्यही कुरा छोरीबारे खोजी किन ? जे कुरामा छोरीलाई नियन्त्रण गर्न खोजिन्छ, त्यो कुरामा छोराको निगरानीसम्म हुँदैन किन ? जुन व्यवहार/घटना छोरीमाथि होला भनेर डराइन्छ, त्यही व्यवहार गर्न हुँदैन भनेर छोरालाई सिकाइन्न किन ? अनि छोरा र छोरीको उमेर बढ्दै जाँदा देखिने परिवर्तन 'स्वाभाविक तर फरक आवश्यकतामा आधारित हुन्छ' भन्ने कुराको अनुभूतिसहित सहज सम्बोधन गरिन्छ वा फरक व्यवहार ? सबैले राम्ररी बुझ्नु आवश्यक छ ।

उदाहरणका लागि, छोरीको महिनावारीलाई उत्सवका रूपमा लिइन्छ वा अपवित्र ? मानिस मानिसबिच छुवाछुत र छोइछिटोलाई आपराधिक विभेद ठानिन्छ वा परम्पराका नाममा स्वीकार गरिन्छ ? विधवाप्रतिको विभेदित व्यवहार, बोक्साबोक्सी जस्ता अन्धविश्वासयुक्त व्यवहार, दाइजो-तिलक लगायतका नाममा हुने अपराध आदिको अन्त्यका

लागि पहल लिइन्छ वा औपचारिक विरोध मात्र गरिन्छ ? यी र यस्ता आधारभूत व्यवहारमा परिवर्तनलाई महिलावादी दृष्टिकोणबाट मापन गर्न सकिन्छ ।

सानैदेखि छोरा र छोरीको हुर्काइमा समान व्यवहार गरिन्छ कि फरक ? घरको कामदेखि बाहिरको जिम्मेवारीमा छोराछोरीको संलग्नता कसरी हुन्छ ? सामाजिक कार्य (जन्म, विवाह, मृत्यु संस्कार आदि) मा छोराछोरीको समान भूमिका हुन्छ वा फरक ? यी र यस्तै आधार भूत कुराहरूलाई 'झिनामसिना विषय' भनेर अवमूल्यन गरिन्छ वा सामाजिक मर्यादासँग जोडिएका विषयका रूपमा हेरिन्छ वा बेवास्ता गरिन्छ जस्ता कुराले उच्च महत्त्व राख्छन् ।

यी र यस्तै विषयमा रहेका विभेद र असमानताका छिद्रहरू नै समग्रमा समाजवाद निर्माणका वाधक बन्छन् । 'कमिलाले हात्ती रुवाउँछ' भनेझैँ सामाजिक न्यायको अभियानमा साना भनिएका वा मानिएका व्यवहार नै उल्झन बन्न सक्छन् । त्यसैले सामान्य ठानिएका यस्ता कुरालाई समेत ठिक ढङ्गले सम्बोधन भए/नभएका आधारमा समाजवाद र महिलावादको मापन हुने गर्छ ।

# महिलावादी आन्दोलन र अबका एजेन्डा वा विषय

लोकतान्त्रिक आन्दोलनमा महिलाको समान सहभागिता थियो । त्यसपछिको नेपालमा नीतिगत रूपमा धेरै कुरा समानताका पक्षमा बनेका छन् । यो परिवर्तित व्यवस्थामा नेपाली महिलावादी आन्दोलनका एजेन्डाहरूलाई निम्नअनुसार सूत्रबद्ध गर्न सकिन्छ ।

## १) **संविधान र कानुनमा संशोधन**

कानुनी रूपमा नेपाल महिला अधिकारको राम्रो व्यवस्था भएको मुलुक मानिन्छ । संविधानमा समानताको हकमा अंश, महिलाको हकअन्तर्गत वंश, सहभागिता, मातृत्व, हिंसा विरुद्ध र सँगोलको सम्पत्तिमा समान हकको व्यवस्था छ । शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा विशेष हक हुने व्यवस्थासमेत छ । तर, नागरिकताको सम्बन्धमा फेरि आमाको नामबाट नागरिकता बनाउन जाँदा बाबुको पहिचान खोजेर अप्ठ्यारो बनाइन्छ तर बाबुको नामबाट नागरिकता बनाउन आमाको खोजीसमेत हुँदैन, सहजै नागरिकताको प्रमाणपत्र बनाउन सकिने व्यवस्था कायम छ । नागरिकताको यो विभेदकारी व्यवस्था महिलाको मौलिक हकमा उल्लिखित वंशको हकसँग बाझिएको छ ।

सङ्घीय संसद् र प्रदेश सभामा कम्तीमा एकतिहाइ (३३ प्रतिशत) र स्थानीय तहमा ४० प्रतिशत महिला अनिवार्य गरिएको छ । निर्वाचनसम्बन्धी कानुन र दल दर्तासम्बन्धी ऐनमा कम्तीमा एकतिहाइ महिलाको व्यवस्था गरिएको छ । तर, यी व्यवस्थाहरू महिलाको हकअन्तर्गत 'समावेशी सिद्धान्तका आधारमा समानुपातिक सहभागिताको हक हुनेछ' भन्ने प्रावधानसँग ठाडै बाझिएका छन् । सिद्धान्ततः संविधानसँग बाझिएको कानुन स्वतः खारेज हुनुपर्ने हो तर त्यस्तो भइरहेको छैन । त्यसैले महिलाको हकसँग बाझिएका त्यस्ता कानुनबारे अध्ययन भइरहेको छ । हालसम्मको अध्ययनमा झन्डै चार दर्जन कानुन संविधानसँग बाझिएका पाइएका छन् । तिनलाई संशोधन गरेर संविधानसम्मत बनाउनु नेपाली महिलावादी आन्दोलनको सबैभन्दा महत्त्वपूर्ण विषय हो ।

## २) **कानुनको कार्यान्वयन**

स्थापित मान्यताअनुसार बनेका कानुन 'जानिनँ' भन्न पाइँदैन तर कानुनबारे आमनागरिकलाई जानकारी दिने सहज संयन्त्र बनेका छैनन् । विद्यमान कानुनको जानकारी आमनागरिकसम्म पुऱ्याउन कानुनी सचेतना अभियानको सहज र सरल उपाय अपनाएर कार्यान्वयनमा जानु राजनीतिक दलहरूको पनि महत्त्वपूर्ण दायित्व हो । बालबालिका पहिचानको हक, सबै सन्तानको समान अंशको हक, सन्तानमाथि आमाबाबु र आमाबाबुप्रति सबै सन्तानको हक र कर्तव्य, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, फरक लैङ्गिक पहिचान भएका समुदाय, सीमान्तकृत समुदायका लागि गरिएका विशेष व्यवस्था जस्ता विषयलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्नु नितान्त आवश्यक छ । त्यसका लागि पहिलो काम पालिका र

वडाहरूले आफ्नो कार्यसूचीमा कानुनबारे जानकारी गराउने सहज उपायको व्यवस्था गर्नुपर्छ ।

### ३) संस्कार–संस्कृतिको लोकतान्त्रीकरण

लोकतन्त्र भनेको नागरिकको समान मर्यादा र सम्मानको कुरा पनि यो । यसका लागि हरेक नागरिकले आफ्नो सोच, बोली र व्यवहारलाई लोकतान्त्रिक बनाउनुपर्छ । पितृसत्ताका आधारमा स्थापित विभेदपूर्ण संस्कार, संस्कृति, अवसर र दायित्वहरू परिवर्तन गरी नागरिक समानतामा आधारित बनाउनुपर्छ । 'घरभित्रको काम महिला र बाहिरको पुरुषको' भन्ने सोचलाई व्यवहारमै परिवर्तन गरी सबै काममा सबैको सहकार्यको संस्कार विकास गरिनुपर्छ । विवाहपछि छोरीले श्रीमान्को घर जानै पर्ने, थरगोत्र सबै परिवर्तन हुने (विशेषतः खस-आर्य समुदाय) जस्ता संस्कारका ठाउँमा 'जन्मका आधारमा आएको थरगोत्र घरबस्ती आवश्यकताको आधारमा श्रीमान् वा श्रीमती जस्को पनि हुन सक्ने कुरालाई सहज रूपमा स्थापित गरिनुपर्छ । जन्मदेखि मृत्यु संस्कारसम्म सबै सन्तानको समान हक र कर्तव्यका रूपमा काम गर्ने कुरालाई सहज रूपमा लिन सक्नुपर्छ । लैङ्गिकतामा आधारित चलनचल्तीका साथै विभेदपूर्ण उखान, टुक्का र भनाइहरूमा समेत संशोधन आवश्यक छ ।

### ४) हिंसामुक्त समाज निर्माण

समाजमा हुने लैङ्गिक हिंसाको अन्त्य राजनीतिक दल लगायत सङ्घसंस्थासँगै हरेक नागरिकको प्राथमिक विषय बन्नुपर्छ । हिंसा विरुद्ध पीडित/प्रभावित पक्ष (मूल रूपमा महिला/यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक) ले संस्थागत रूपमै समुदाय तहसम्म सचेतना

र सशक्तीकरण अभियान चलाउँदै 'हिंसा नसहौँ, प्रतिकार गरौँ' भन्ने एकीकृत अभियान सञ्चालन गर्नुपर्छ। महिला मात्र होइन, आमरूपमा पुरुषले पनि यस अभियानको अभिन्न र अग्रणी अभियन्ताका रूपमा राजनीतिक दल, युवा, विद्यार्थी लगायतका सबै तह र क्षेत्रबाट 'हिंसा नगरौँ, हिंसा विरुद्ध क्रियाशील होऔँ' भन्ने अभियानको अगुवाइ गर्नु आवश्यक छ । लैङ्गिक, जातीय, पेसागत वा कुनै पनि आधारमा हुने हिंसा, विभेद र दुरुत्साहन विरुद्ध राजनीतिक दलहरूबिच साझा आचारसंहिता बनाई कार्यान्वयन गर्नु जरुरी छ ।

## ५) बदलिनुपर्ने लैङ्गिक भूमिका

बदलिएको राजनीतिक प्रणालीले सार्वजनिक क्षेत्रमा महिलाको समान सहभागिता माग गर्छ । महिलाले सार्वजनिक दायित्वलाई प्रभावकारी रूपमा पूरा गर्न परिवारभित्रको काममा पनि सहकार्य हुनु आवश्यक छ। बदलिएको प्रणालीअनुसार बनेका कानुनले परिवारभित्र सबै सन्तानको अधिकार र कर्तव्य समान बनाएको छ । त्यसको प्रभावकारिताका लागि पुरुषको भूमिका पनि बदलिनुपर्छ। जन्मघरमा सन्तानको रूपमा होस् वा विवाहपछि दम्पतीको पारिवारिक दायित्व पनि समान हुने गरी व्यवहार बदलिन जरुरी छ । यसका लागि विवाहपछि पनि छोरीले आमाबाबु र छोराले सासूससुराप्रतिको दायित्व आवश्यकताअनुसार वहन गर्ने संस्कारलाई सहज र स्वाभाविक रूपमा लिनुपर्छ ।


**अन्त्यमा,**

महिलावाद समृद्ध समाज, मानवीय संस्कारयुक्त नागरिक व्यवहारको समुचित सँगालो हो । यसको सहज स्वीकारोक्ति र कार्यान्वयनले

लोकतान्त्रिक आन्दोलनले स्थापित गरेको समावेशी सिद्धान्तका आधारमा समानुपातिक सहभागिता, समान हैसियतका नागरिकसहितको मर्यादित र सम्मानित समाज, भौतिक समृद्धिका आधार उत्पादनका साधन र स्रोतमाथिको समान पहुँच र नियन्त्रणबिना संविधानले परिकल्पना गरेको समाजवादको दिशा उन्मुख यात्रा सम्भव बनाउनेछ ।

यसर्थ, सामाजिक न्यायमा आधारित समाज, जहाँ 'कोही पछाडि नछाडिउन् र नपारिउन्' भन्ने सङ्कल्प सार्थक बनाई 'समृद्ध नेपाल सुखी नेपाली' को राष्ट्रिय लक्ष्य र आकाङ्क्षा प्राप्तिका लागि राजनीतिक अधिकार र भौतिक विकासका साथै आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरण अनिवार्य सर्त हुन् । खुसीसहितको सुखी नेपालीका लागि मानव मूल्य र सामाजिक न्यायको अनुभूति आधारभूत पक्ष हो । यसका लागि समाजवादी र महिलावादी सोचलाई अनुभूत र आत्मसात् गर्दै व्यवहारमा उतार्नु विकल्पहीन सर्त हो ।

धन्यवाद !



**विन्दा पाण्डे** (पिएचडी)

पितृसत्ताले महिलाको पहिचान, श्रम, शक्ति, शरीर र यौनिकतामाथि नियन्त्रण गर्दै आएको छ । फरक यौनिक पहिचानका आधारमा विभेदित व्यवहार अपनाएको छ । त्यसैले, समाजमा विद्यमान श्रम वा काम, जातजाति, यौनिकता, भूगोल वा क्षेत्र लगायतका आधारमा हुँदै आएको शोषण, विभेद र असमानताको अन्त्य गर्दै विविधताको पहिचान र सम्मानसहित स्थापित हुने समन्यायिक समाजका लागि महिलावादको स्विकार्यता अनिवार्य छ । त्यसका लागि सामाजिक न्यायका हरेक अभियन्ताले महिलावादबारे आधारभूत जानकारी राख्नुपर्छ ।

थाक्रे गाउँपालिका, धादिङ
बागमती प्रदेश, नेपाल
फोन नं.: ०१०-४१५०९८
इमेल : thakre.mun@gmail.com
वेबसाईट : www.thakremun.gov.np